# तिलोत्तमा नगरपालिका

## स्थानीय राजपत्र

**खण्ड ४) तिलोत्तमा, साउन महिना ५ गते २०७७ साल (संख्या ५**


**भाग : १**

**तिलोत्तमा नगरपालिका**

तिलोत्तमा नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सम्वत् २०७७ सालको ऐन नं. ३**

**कार्यविधिको नाम : तिलोत्तमा नगरपालिकाको औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७**

**प्रस्तावना:** स्थानीय स्तरमा उपलब्ध साधन, स्रोत र श्रमको उच्चतम प्रयोगबाट उद्यमशीलता प्रवर्द्धन गर्दै यस तिलोत्तमा नगरपालिकाभित्र औद्योगिक लगानीमैत्री वातावरण सिर्जना गरी रोजगारीका अवसर अभिवृद्धि गर्नुका साथै घरेलु तथा साना उद्योगको दर्ता, नविकरण, नियमन, विकास प्रवर्द्धन खारेजी र व्यवस्थापन गरी औद्यौगिक विकास र प्रवर्द्धन सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गर्न बाञ्छनिय भएकोले, तिलोत्तमा नगरपालिकाको नगर सभाले यो ऐन जारी गरेको छ ।

**परिच्छेद – १**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम **"तिलोत्तमा नगरपालिकाको औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"उद्योग"** भन्नाले दफा १९ बमोजिमको उद्योग सम्झनु पर्छ ।

(ख) **"नगरपालिका"** भन्नाले तिलोत्तमा नगरपालिका सम्झनु पर्छ ।

(ग) **"कार्यालय"** भन्नाले यस ऐन बमोजिम उद्योग दर्ता गर्ने नगरपालिका मातहतको आर्थिक विकास शाखा वा उद्योग दर्ता गर्ने कार्यालय सम्झनु पर्छ ।

(घ) **"राष्ट्रिय प्राथमिकता प्राप्त उद्योग"** भन्नाले औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानुन बमोजिमको राष्ट्रिय प्राथमिकता प्राप्त उद्योग सम्झनु पर्छ ।

(ङ) **"समिति"** भन्नाले दफा २४ बमोजिम गठन भएको औद्योगिक व्यवसाय प्रबर्धन समिति सम्झनु पर्छ ।

(च) **"केन्द्र"** भन्नाले दफा २८ बमोजिम स्थापना भएका एकल बिन्दु सेवा केन्द्र सम्झनु पर्छ ।

(छ) **"व्यवस्थापन कार्यालय"** भन्नाले दफा ४२ बमोजिम स्थापना भएका औद्योगिक ग्राम व्यवस्थापन कार्यालय सम्झनु पर्छ ।

(ज) **"कारोबार"** भन्नाले उद्योगले आफ्ना उद्देश्य बमोजिम वस्तु वा सेवाका उत्पादन तथा वितरण गर्ने कार्य सम्झनुपर्छ र सो शव्दले त्यस्ता उत्पादन वा वितरणसँग सम्बन्धित अन्य कारोवार समेतलाई जनाउँछ ।

(झ) **"लघु उद्यम"** भन्नाले दफा १९ को उपदफा (१) बमोजिमका प्रचलित कानून बमोजिम लघु उद्यम भनी तोकिएका उद्योग सम्झनु पर्छ ।

(ञ) **"घरेलु उद्योग"** भन्नाले दफा १९ को उपदफा (२) वा प्रचलित कानून बमोजिम घरेलु उद्योग भनी तोकिएका उद्योग सम्झनु पर्छ ।

(ट) **"साना उद्योग"** भन्नाले दफा १९ को उपदफा (३) वा प्रचलित कानून बमोजिम साना उद्योग भनी तोकिएका उद्योग सम्झनु पर्छ ।

(ठ) **"स्थिर पूँजी"** भन्नाले दफा २२ बमोजिमको स्थिर सम्पत्ति सम्झनु पर्छ ।

(ड) **"कोष"** भन्नाले दफा ४७ बमोजिम स्थापना भएको कोष सम्झनु पर्छ ।

(ढ) **"बौद्धिक सम्पत्ति"** भन्नाले पेटेण्ट, डिजायन, ट्रेडमार्क, सेवा मार्क, भौगोलिक सङ्केत चिन्ह, व्यापारिक गोपनीयता लगायतका बौद्धिक सम्पत्ति सम्झिनु पर्छ र सो शब्दले प्रचलित कानूनले प्रतिलिपि अधिकारको रुपमा परिभाषित गरेको विषयलाई समेत जनाउँछ ।

(ण) **"मन्त्रालय"** भन्नाले प्रदेश नं ५ को उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ ।

(त) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यो ऐन वा यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिमको सम्भन्नु पर्छ ।

## परिच्छेद - २
## उद्योग दर्ता तथा नियमन सम्बन्धी व्यवस्था

३. **उद्योग दर्ता गराउनुपर्ने :**

(१) कसैले यस ऐन बमोजिम उद्योग दर्ता नगराई उद्योग स्थापना वा सञ्चालन गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कानुन बमोजिम स्थापना भई सञ्चालनमा रहेका नगरपालिका क्षेत्रभित्रका लघु उद्यम, घरेलु उद्योग तथा साना उद्योगले यस ऐन बमोजिम दर्ता गराउनुपर्ने छैन ।

तर यस्ता उद्योगले कार्यालयमा अभिलेखीकरण गरी प्रमाणपत्र अद्यावधिक गर्नुपर्नेछ ।

(३) यो ऐन प्रारम्भ हुनुअघि प्रचलित कानून बमोजिम स्थापना भएका उद्योगले यो ऐन प्रारम्भ भएको एक वर्षभित्र यस ऐन बमोजिमको प्रक्रिया पुरा गरी छुट्टै उद्योगको रुपमा दर्ता गराउनु पर्नेछ ।

४. **उद्योग दर्ता गर्न निवेदन दिनुपर्ने :**

(१) यस ऐन बमोजिम साना उद्योग स्थापना गर्न चाहने व्यक्तिले देहायको विवरण र कागजात सहित उद्योग दर्ताको लागि कार्यालय समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ :

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

(ख) निवेदक कम्पनी भएमा कम्पनी दर्ता प्रमाणपत्रका प्रतिलिपि, प्रबन्धपत्र र नियमावलीको प्रतिलिपी,

(ग) उद्योग रहने स्थानको चार किल्ला र नक्साङ्कन सहितका विवरण,

(घ) साझेदारीमा उद्योग स्थापना गर्न चाहेको भए साझेदारबीच भएको सम्झौताको प्रतिलिपि,

(ङ) निवेदन दिन प्रतिनिधि नियक्ति गरेको भए सोको अख्तियारीपत्र,

(च) उद्योग स्थापना गर्ने स्थानका नगरपालिकाको सम्बन्धित वडाका सिफारिस र उद्योगको प्रकृति हेरी आवश्यक पर्ने भए सर्जमिन मुचुल्का,

(छ) अन्य निकायको सिफारिस आवश्यक पर्ने भएमा सिफारिस पत्र,

(ज) आफ्नो जग्गामा उद्योग स्थापना गर्ने भए जग्गा धनी प्रमाण पुर्जा वा भाडाका घर जग्गा भएमा भाडा सम्झौताको प्रतिलिपी,

(झ) हालसालै खिचेको पासपोर्ट साइजको तीन प्रति फोटो,

(ञ) कार्यालयले तोकेको अन्य आवश्यक कागजात ।

(२) उपदफा (१) बमोजिम उद्योग दर्ताको निवेदन दिँदा एक करोड भन्दा बढी अधिकृत पूँजी भएका उद्योगको हकमा अनुसूची-२ बमोजिमको ढाँचामा परियोजना प्रस्ताव समेत तयार गरी साथै पेश गर्नुपर्नेछ ।

(३) यस ऐन बमोजिम लघु उद्यम वा घरेलु उद्योग दर्ता गराउन चाहने व्यक्तिले अनुसूची-३ बमोजिमको ढाँचामा उद्योग दर्ता गर्ने निकायमा निवेदन दिनुपर्नेछ ।

(४) उपदफा (१) वा (३) बमोजिमका निवेदन नगरपालिकाले निर्धारण गरे बमोजिम विद्युतीय माध्यमबाट समेत दिन सकिनेछ ।

(५) उपदफा (१) वा (३) बमोजिमको प्राप्त निवेदन जाँचबुझ गर्दा रीतपूर्वकको नदेखिएमा कार्यालयले बढीमा सात (७) दिनको अवधि तोकी निवेदकलाई आवश्यक रीत पुऱ्याई ल्याउन सूचित गर्नुपर्नेछ ।

(६) उपदफा (५) बमोजिमको म्यादभित्र निवेदकले रीत पुऱ्याई नल्याएमा वा प्रकृया पूरा भएको नदेखिएमा कार्यालयले कारण खुलाई त्यस्ता निवेदन अस्वीकृत गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम अस्वीकृत गर्ने निर्णय भएकोमा निर्णय भएको सात दिनभित्र कारण खुलाई सोको लिखित जानकारी सम्बन्धित निवेदकलाई दिनुपर्नेछ ।

(८) उपदफा (१) वा (३) बमोजिम उद्योग दर्ताको निवेदन दिँदा औद्योगिक व्यवसायसम्बन्धी संघीय कानून अनुसार अनुमति लिनुपर्ने भनी तोकिएका उद्योग दर्ता गर्न कार्यालयमा निवेदन दिन सकिने छैन ।

**५. <u>वडा कार्यालयको सिफारिस लिनुपर्ने :</u>**

(१) उद्योग दर्ता गर्न चाहने व्यक्तिले उद्योग स्थापना हुने स्थलको सम्बन्धित वडा कार्यालयमा उद्योग दर्ता गर्न सिफारिस पाउँ भनी नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, निवेदक कम्पनी भएमा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि, उद्योग रहने स्थानको नक्साङ्कनसहितका विवरण तथा निवेदन दिन प्रतिनिधि नियुक्ति गरेको भए, सोको अख्तियारीपत्र समेत संलग्न गरी तोकिए बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गर्दा आवश्यक पर्ने सम्पूर्ण विवरण कागजात प्राप्त भएका र माग गरेको

स्थानमा उद्योग स्थापना गर्न उपयुक्त हुने देखिएमा सम्बन्धित वडा कार्यालयले कार्यालयमा सोही व्यहोराको सिफारिस गरिदिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सिफारिस गर्नुपूर्व सम्बन्धित वडा कार्यालयले उद्योगको प्रकृति हेरी सम्बन्धित सधियारको मञ्जुरी लिनुपर्ने भएमा वा उद्योग स्थापना हुने स्थलका वासिन्दाहरूको रोहवरमा उद्योग स्थापना गरी सञ्चालन गर्नमा मञ्जुरी छ भनी स्थलगत सर्जमिन मुचुल्का गराउनुपर्ने भएमा सो समेत गराई सर्जमिन मुचुल्काको एकप्रति आफैँसँग राखी सक्कल प्रति सिफारिससाथ संलग्न गरी सिफारिस दिनुपर्नेछ ।

६. **उद्योग दर्ताको प्रमाणपत्र दिनुपर्ने :**

(१) दफा ४ बमोजिम प्राप्त निवेदन उपर कार्यालयले आवश्यक जाँचबुझ गर्दा उद्योग दर्ताको लागि आवश्यक सम्पूर्ण विवरण तथा कागजात प्राप्त भएको अवस्थामा उद्योग दर्ता गर्न लाग्ने तोकिए बमोजिमको दर्ता शुल्क दाखिला गर्नु पर्नेछ ।

(२) कुनै एक व्यक्ति विशेषले एकलौटी स्वामित्वमा प्राइभेट फर्मका रुपमा वा कुनै उद्योग वा दुई वा दुई भन्दा बढी व्यक्तिहरु मिलेर साझेदारी फर्मका रुपमा वा प्रचलित कम्पनी कानून बमोजिम दर्ता भएका प्राइभेट लिमिटेड वा पव्लिक लिमिटेड कम्पनीले उद्योग दर्ता गर्दा उपदफा (१) बमोजिमको दर्ता शुल्क दाखिला गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम निवेदन पेश भएको साथै दर्ता शुल्क दाखिला भएको तीन दिनभित्र उद्योग दर्ता गरी अनुसूची-५ बमोजिमको ढाँचामा उद्योग दर्ताको प्रमाणपत्र दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम उद्योग दर्ताको प्रमाणपत्र दिँदा अन्य कुराको अतिरिक्त देहायका विवरणसमेत सो प्रमाणपत्रमा खुलाउनुपर्नेछ :

(क) उद्योग दर्ताको प्रमाणपत्र जारी भएको मिति,

(ख) उद्योगले व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नुपर्ने अवधि,

(ग) उद्योगले पालना गर्नुपर्ने शर्तहरु,

(घ) उद्योगको प्रकृति अनुसार तोकिए बमोजिमका अन्य शर्तहरु ।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि लघु उद्यमले त्यस्ता उद्योग सञ्चालन भएको मितिबाट एक वर्षभित्र कार्यालयमा उद्योग दर्ताको लागि निवेदन दिन सकिनेछ ।

(६) यस दफा बमोजिम दर्ता भएका उद्योगले कार्यालयले समयमा दिएको निर्देशन तथा दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना गर्नु पर्नेछ ।

७. **उजुरी गर्न सक्ने :**

(१) कार्यालयले उद्योग दर्ता गर्न अस्वीकार गरेमा सो उपर चित्त नबुझ्ने पक्षले अस्वीकृत भएको पत्र प्राप्त भएको मितिले पन्ध्र दिनभित्र नगर कार्यपालिकाको सम्बन्धित शाखामा उजुरी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको उजुरी उपर नगर कार्यपालिकाको कार्यालयले आवश्यक जाँचबुझ गरी उजुरी परेको मितिले पन्ध्र दिनभित्र आवश्यक निर्णय गर्नुपर्नेछ ।

८. **वातावरणीय प्रतिकूल असरको निराकरण गर्नुपर्नेः**

(१) यस ऐन बमोजिम दर्ता भएको उद्योगले प्रचलित कानुनबमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरण परीक्षण गर्नुपर्ने भएमा सो सम्बन्धी प्रतिवेदन स्वीकृत भएपछि मात्र त्यस्ता उद्योग स्थापना, सञ्चालन, व्यावसायिक उत्पादन र कारोबार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन उद्योगको पूँजी वृद्धि, क्षमता वृद्धि, उद्देश्य थप तथा उद्देश्य परिवर्तन, उद्योग स्थानान्तरण गर्नुपर्ने भएमा समेत वातावरण संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने भएमा सो समेत गर्नुपर्नेछ ।

(३) वातावरण संरक्षण सम्बन्धी संघीय कानून बमोजिम तयार गर्नुपर्ने प्रस्तावको विवरण बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम तयार गरिएको वातावरणीय अध्ययन प्रतिवेदन वातावरणसम्बन्धी कानुन बमोजिमको प्रक्रिया पूरा गरी स्वीकृतिको लागि देहायको निकायसमक्ष पेश गर्नुपर्नेछ ।

(क) प्रचलित कानुन बमोजिम संघको अधिकार क्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन नेपाल सरकारको वन तथा वातावरण मन्त्रालय समक्ष ।

ख) प्रदेश सरकारको अधिकार क्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कनका हकमा प्रदेश कानुनले तोकेका निकाय समक्ष ।

(ग) स्थानीय तहको अधिकार क्षेत्र भित्र पर्ने विषयसँग सम्बन्धित प्रस्तावको हकमा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण भए नगरपालिकाको सम्बन्धित कानुनले तोकेको निकाय समक्ष

(घ) वातावरणीय अध्ययन प्रतिवेदनसम्बन्धी अन्य व्यवस्था वातावरणसम्बन्धी संघीय कानुन तथा प्रदेश कानुन बमोजिम हुनेछ ।

(५) वातावरणमा परेको वा पर्न सक्ने प्रतिकूल वातावरणीय असरको न्यूनीकरण गर्ने जिम्मेवारी सम्बन्धित उद्योगको हुनेछ ।

(६) वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण गर्न नपर्ने उद्योगले उद्योग दर्ता गर्न निवदन दिँदा सो बमोजिमको आधार र कारणसहित निवेदन दिनुपर्नेछ ।

(७) वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरण परीक्षण गर्नु नपर्ने उद्योगले उद्योग दर्ता गर्नका लागि निवेदन दिँदा वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरण परीक्षण गर्नु नपर्ने आधार र कारण सहित आफनो उद्योग स्थापना तथा सञ्चालन गर्दा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभाव न्यूनीकरण गर्न आवश्यक उपाय अवलम्बन गर्न स्व:घोषणा गर्नु पर्नेछ ।

**९. उद्योग सञ्चालन, व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेको जानकारी दिनुपर्ने :**

(१) यस ऐन बमोजिम दर्ता भएको उद्योगले अनुसूची-६ मा उल्लिखित अवधिभित्र उद्योग सञ्चालन, व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधि कार्यालयले दर्ता प्रमाणपत्रमा उल्लेख गरिदिनु पर्नेछ ।

(३) उद्योग सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेको जानकारी पन्ध्र दिनभित्र कार्यालयलाइ दिनुपर्नेछ ।

**१०. अवधि थपका लागि निवेदन दिन सक्ने :**

(१) कुनै उद्योगले दफा ९ बमोजिम उद्योग सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्न नसकी त्यस्तो अवधि बढाउनुपर्ने भएमा सो को आधार र कारण खुलाई उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित अवधि समाप्त हुनुभन्दा कम्तीमा तीस दिन अगावै अवधि थपका लागि अनुसूची-७ बमोजिमको ढाँचामा कार्यालय समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र निवेदन दिन नसकेमा सो को आधार र कारण खुलाइ अवधि समाप्त भएको तीन (३) महिनाभित्र बिलम्ब शुल्क बुझाइ कार्यालयमा अनुसूची-७ बमोजिमको निवेदन दिन सक्नेछ ।

(३) कार्यालयले उपदफा (१) वा (२) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा निवेदकबाट कुनै थप विवरण, कागजात वा जानकारी माग गर्नुपर्ने देखिएमा सातदिनभित्र माग गरी आवश्यक जाँचबुझ गर्न सक्नेछ

(४) उपदफा (३) बमोजिम जाँचबुझ गर्दा व्यहोरा मनासिव देखिएमा त्यस्तो विवरण जानकारी वा कागजात प्राप्त भएको पन्ध्र दिनभित्र उद्योगको प्रकृति, उद्योग स्थापना वा सञ्चालनका लागि हालसम्म भएको प्रगति, अवधि थप गर्नुपर्ने औचित्यसमेतको आधारमा उद्योग दर्ता प्रमाणपत्रमा उल्लेख भएको अवधिको आधा अवधिसम्मका लागि त्यस्ता उद्योगको सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि थप गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम अवधि थप भएकोमा सम्बन्धित उद्योगले सो अवधिभित्रमा उद्योगको सञ्चालन, व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नुपर्नेछ ।

(६) उपदफा (४) बमोजिम कुनै उद्योगको सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि थप हुन नसकेमा कार्यालयले त्यस्तो निर्णय भएको सात (७) दिनभित्र सोको लिखित जानकारी निवेदकलाई दिनुपर्नेछ ।

(७) उपदफा (६) बमोजिम अवधि थप हुन नसकेको अवस्थामा त्यस्ता उद्योगलाई दिएको दर्ता अनुमति स्वतः निस्कृय भएको मानिनेछ ।

**११. <u>नविकरण गराउनु पर्ने</u> :**

(१) एकलौटी स्वामित्वमा प्राइभेट फर्म वा प्रचलित कम्पनी कानून बमोजिम दर्ता भएका प्राइभेट लिमिटेड वा पव्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भएको उद्योग दर्ता भएको मितिले पाँच वर्ष सम्मको लागि वहाल रहने छन् । उक्त म्याद समाप्त भएको मितिले पैतिस दिन भित्र कार्यालयमा नविकरणको लागि लाग्ने तोकिए बमोजिमको नविकरण शुल्क दाखिला गरी देहायका कागजात संलग्न गरी नविकरणको लागि दर्ता प्रमाणपत्रको सक्कल सहित निवेदन दिनु पर्नेछ :-

(क) दर्ता प्रमाणपत्रको प्रतिलिपी

(ख) लेखापरीक्षण प्रतिवेदन प्रतिलिपी

(ग) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र प्रतिलिपी

(घ) कार्यालयले माग गरेका अन्य कागजात ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर कार्यालयले आवश्यक जाँचबुझ गर्दा फर्म नविकरणको लागि आवश्यक सम्पूर्ण विवरण तथा कागजात प्राप्त भएकोमा दर्ता प्रमाणपत्रका सक्कल प्रतिमा पाँच वर्षको अवधी तोकी नविकरण गरी दिनु पर्नेछ । साथै कार्यालयले सोही अनुसार आफ्नो अभिलेख अध्यावधिक गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम नविकरण नगराएमा कारण सहित नविकरणको लागि तोकिएको शुल्क बरावरको रकम प्रत्येक बर्षका लागि थप जरिवाना लिई कार्यालयले नविकरण गरी दिन सक्नेछ।

(४) साझेदारी फर्मका रुपमा दर्ता भएको उद्योग दर्ता भएको तिन आर्थिक वर्षको आषाढ मसान्तसम्मका लागि वहाल रहने छन् । उक्त म्याद समाप्त हुनु अगावै वा म्याद समाप्त भएको मितिले पैतिस दिन भित्र कार्यालयमा नविकरणको लागि लाग्ने तोकिए बमोजिमको नविकरण शुल्क दाखिला गरी देहायको कागजात संलग्न गरी नविकरणको लागि दर्ता प्रमाणपत्रको सक्कल सहित निवेदन दिन पर्नेछ :-

(क) दर्ता प्रमाणपत्रको प्रतिलिपी

(ख) लेखापरीक्षण प्रतिवेदन प्रतिलिपी

(ग) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र प्रतिलिपी

(घ) कार्यालयले माग गरेका अन्य कागजात।

(५) उपदफा (४) बमोजिम प्राप्त निवेदन उपर कार्यालयले आवश्यक जाँचबुझ गर्दा फर्म नविकरणको लागि आवश्यक सम्पूर्ण विवरण तथा कागजात प्राप्त भएकोमा दर्ता प्रमाणपत्रको सक्कल प्रतिमा तीन आर्थिक वर्षको अवधी तोकी नविकरण गरी दिनु पर्नेछ। साथै कार्यालयले सोही अनुसार आफ्नो अभिलेख अध्यावधिक गर्नु पर्नेछ।

(६) उपदफा (४) बमोजिम नविकरण नगराएमा कारण सहित नविकरणको लागि तोकिएको शुल्क बरावरको रकम प्रत्येक बर्षका लागि थप जरिवाना लिई कार्यालयले नविकरण गरी दिन सक्नेछ।

**१२. <u>विवरण उपलब्ध गराउनुपर्ने :</u>**

(१) प्रत्येक उद्योगले व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेपछि देहाय बमोजिमको विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र उद्योग दर्ता गर्ने निकाय समक्ष पेश गर्नु पर्नेछ।

(क) अनुसूची-८ बमोजिमको ढाँचामा तयार गरेको अध्यावधिक विवरण

(ख) लेखापरीक्षण प्रतिवेदन

(ग) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र

(घ) स्वीकृत र जडित क्षमता

(२) उपदफा (१) बमोजिमको विवरण कार्यालयले निर्धारण गरेको तरिका अनुसार विद्युतीय माध्यमबाट पनि पेश गर्न सकिनेछ।

(३) उपदफा (१) वा (२) बमोजिम विवरण प्राप्त गरेपछि कार्यालयले आफ्नो अभिलेख अद्यावधिक गरी सोको जानकारी सम्बन्धित उद्योगलाई सात (७) दिनभित्र दिनुपर्नेछ।

(४) उपदफा (१) मा जुनसकै कुरा लेखिएको भए तापनि कुनै उद्योग एक आर्थिक वर्षभन्दा बढी बन्द भएमा वा कुनै कारणले उत्पादन वा कारोबार नभए पनि त्यस अवधिको शून्य विवरण बुझाउनु पर्नेछ ।

तर त्यस्ता उद्योगले उद्योग दर्ता गर्ने निकायलाई सो उद्योग बन्द भएको जानकारी गराई अभिलेखमा जनाएपछि बन्द भएको अवधिभरसम्म विवरण बुझाउनु आवश्यक पर्ने छैन ।

**१३. <u>उद्योग स्थानान्तरणका लागि स्वीकृति लिनुपर्ने</u> :**

(१) यस ऐन बमोजिम नगरपालिका क्षेत्रभित्र स्थापना भएको कुनै उद्योग सो स्थानबाट अन्यत्र स्थानान्तरण गर्न चाहेमा देहायका विवरण र कागजातसहित अनुसूची-९ बमोजिमको ढाँचामा कार्यालय समक्ष निवेदन दिनुपर्नेछ । :

(क) अघिल्लो आर्थिक वर्षसम्मको लेखापरीक्षण प्रतिवेदन,

(ख) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र,

(ग) उद्योग स्थानान्तरण गर्ने वडा कार्यालयको सिफारिस,

(घ) प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन आवश्यक पर्ने भएमा सोको स्वीकृति प्रतिवेदन,

(ङ) उद्योग सञ्चालन गर्दा ऐन वा प्रचलित कानुनबमोजिम कुनै छुट सुविधा वा सहुलियत प्राप्त गरेको भए त्यस्ता छुट सुविधा वा सहुलियत प्रदान गर्ने निकायको सहमति,

(च) स्थानान्तरण भइ जाने सम्वन्धित नगरपालिकाको सिफारिस पत्र ।

(छ) अनुसूची-२ बमोजिमको अद्यावधिक परियोजनाका विवरण ।

(ज) अनुसूची-८ बमोजिमको ढाँचामा तयार गरेको अध्यावधिक विवरण

(२) एउट प्रदेश भित्रको अर्को स्थानीय तहमा दर्ता भई सञ्चालन भएको उद्योग नगरपालिका क्षेत्रमा स्थानान्तरण गर्नुपर्ने भएमा स्थानान्तरण भई आउन स्वीकृतिको लागि नगरपालिकासमक्ष अनुसूची-१० बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा उद्योग स्थानान्तरणको स्वीकृति दिन मनासिव देखिएमा कार्यालयले अवधि तोकी उद्योग स्थानान्तरण गर्दा सम्बन्धित उद्योगले पालना गर्नुपर्ने अन्य कुनै शर्त भए सो समेत उल्लेख गरी अनुसूची-११ बमोजिमको ढाँचामा उद्योग स्थानान्तरणको स्वीकृति दिन सक्नेछ ।

(४) उपदफा (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा उद्योग स्थानान्तरणको स्वीकृति दिन मनासिव नदेखिएमा कार्यालयले सोको कारण सहितको जानकारी सात (७) दिनभित्र निवेदकलाई दिनपर्नेछ ।

**१४. उद्योगको पूँजी वृद्धि, क्षमता वृद्धि र उद्देश्य थप वा परिवर्तन गर्दा स्वीकृति लिनुपर्ने :**

(१) कुनै उद्योगले पूँजी वृद्धि वा क्षमता वृद्धि गर्न वा उद्देश्य थप वा परिवर्तन वा हेरफेर गर्न चाहेमा सोको स्वीकृतीका लागि देहायका कागजातसहित अनुसूची-१२ बमोजिमको ढाँचामा कार्यालयमा निवेदन दिनुपर्नेछ :

(क) अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन

(ख) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र

(ग) उद्योगको प्रबन्धपत्र, नियमावली र कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(घ) साझेदारी फर्म भए साझेदारबीचका सम्झौताको प्रतिलिपि,

(ङ) अनुसूची-८ बमोजिमको उद्योगको अद्यावधिक विवरण

(च) प्रचलित कानुन बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने भएमा सो समेत गरी सोको स्वीकृत प्रतिवेदन ।

(छ) अन्य कुनै निकायको सिफारिस आवश्यक पर्ने भए त्यस्ता निकायको सिफारिस पत्र ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा कार्यालयलेप्रक्रिया पूरा गरी त्यस्ता उद्योगको पूँजी वृद्धि गर्न, क्षमता वृद्धि गर्न, उद्देश्यमा थप, परिवर्तन वा हेरफेर गर्न नब्बे दिनभित्र स्वीकृति दिनुपर्नेछ । त्यसरी पूँजी वृद्धि वा क्षमता वृद्धि गर्न वा उद्देश्य थप वा परिवर्तन वा हेरफेर गरेको कारणले उद्योगको वर्गीकरणमा परिवर्तन हुने भएमा सम्बन्धित उद्योगले सोको अभिलेख अद्यावधिक गराई उद्योग दर्ता प्रमाणपत्रमा जनाउनु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि लघु उद्यम वा एक करोडसम्म स्थिर पूँजी भएका घरेलु तथा साना उद्योगले पूँजी वृद्धि वा क्षमता वृद्धि गर्न कार्यालयको स्वीकृति आवश्यक पर्ने छैन ।

तर त्यस्तो पूँजी वृद्धि वा क्षमता वृद्धि गर्न वा उद्देश्य थप वा परिवर्तन वा हेरफेरबाट वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने भएमा प्रचलित कानून बमोजिम सोको प्रतिवेदन स्वीकृत गराउनु पर्नेछ ।

(४) कुनै उद्योगले साविकमा जडित यन्त्र उपकरणमा फेरबदल नगरी व्यवस्थापकीय दक्षता मात्र अभिवृद्धि गरी प्रक्षेपित उत्पादनभन्दा बढी उत्पादन गरेकोमा क्षमता वृद्धि गरेको मानिने छैन

**१५. <u>अनुगमन तथा निरीक्षण गर्ने :</u>**

(१) उद्योगले यो ऐन र उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरूको पालना गरे नगरेको सम्बन्धमा नगरपालिका वा कार्यालयले जुनसुकै समयमा उद्योगको अनुगमन तथा निरीक्षण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम उद्योगको अनुगमन तथा निरीक्षण गर्न खटिएका कर्मचारी वा पदाधिकारीले सम्बन्धित उद्योग परिसरमा प्रवेश गर्न, आवश्यकताअनुसार श्रव्य दृश्य तथा अन्य सूचना तथा तथ्याङ्क सङ्कलन गर्न, आवश्यक कागजात जाँच गर्न र अन्य कुनै जानकारी वा विवरण माग गर्न सक्नेछन्।

(३) उपदफा (२) बमोजिम माग गरिएको जानकारी वा विवरण उपलब्ध गराउनु सम्बन्धित उद्योगको कर्तव्य हुनेछ

(४) उद्योग अनुगमन वा निरीक्षण गर्दा त्यस्ता उद्योग सञ्चालनमा कुनै किसिमका समस्या देखिएमा सम्बन्धित उद्योगसँग परामर्श गरी कार्यालयले त्यस्ता उद्योगलाई आवश्यक सहजीकरण गरिदिन सक्नेछ।

**१६. <u>उद्योग वन्द गरेको जानकारी दिनुपर्ने</u> :** कुनै उद्योगीले आफूले सञ्चालन गरिआएको उद्योग कुनै कारणले बन्द गरेमा वा उद्योगको व्यावसायिक उत्पादन वा कारोबार स्थगन गरेमा त्यसरी स्थगन वा बन्द गरेको मितिले पन्ध्र दिनभित्र अनुसूची-१३ बमोजिमको ढाँचामा कार्यालय समक्ष जानकारी दिनुपर्नेछ।

**१७. <u>उद्योग दर्ता खारेज गर्न निवेदन दिन सकिने</u> :** (१) कुनै कारणले उद्योग सञ्चालन गर्न नसकिने भएमा त्यस्ता उद्योगले दर्ता खारेजीका लागि देहायको विवरण र कागजातसहित अनुसूची-१४ बमोजिमको ढाँचामा कार्यालयसमक्ष निवेदन दिन सक्नेछ :

(क) मान्यता प्राप्त मूल्याङ्कनकर्ताबाट तयार गरिएका उद्योगको जायजेथाको मूल्याङ्कन प्रतिवेदन,

तर, एक करोड रूपैयाँसम्म स्थिर पूँजी भएको उद्योगको हकमा उद्योगले पेश गरेको मूल्याङ्कन प्रतिवेदन पनि मान्य हुनेछ।

(ख) उद्योगमा कार्यरत श्रमिकलगायत सम्पूर्ण कर्मचारीको दायित्व फरफारक गरेको विवरण,

(ग) अघिल्ला आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र,

(घ) उद्योग दर्ता प्रमाणपत्रको सक्कल प्रति,

(ङ) अघिल्लो आर्थिक वर्षसम्मको लेखापरीक्षण प्रतिवेदन,

(च) लिक्विडेटर नियुक्त भएकोमा निजले पेश गरेको उद्योगको खारेजीसम्बन्धी प्रतिवेदन,

(छ) उद्योगको विरुद्ध कुनै अदालत वा न्यायिक निकायमा मुद्दा विचाराधीन नरहेको भनी सम्बन्धित उद्यमीले गरेको स्वघोषणा ।

तर, उद्योगले तिर्नु बुझाउनुपर्ने दायित्वका सम्बन्धमा कुनै अदालत वा न्यायिक निकायमा मुद्दा विचाराधीन रहेकोमा त्यस्ता मुद्दाको अन्तिम किनारा हुँदाका बखत ठहर्न सक्ने दायित्व बराबरको रकम उद्योगले कार्यालयमा धरौटीका रूपमा जम्मा गरी सोको प्रमाण निवेदनसाथ पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानुनबमोजिम दामासाहीमा परेको अवस्थामा सोही कानुनबमोजिम हुनेछ र त्यसरी उद्योग खारेज भएकोमा सोको जानकारी लिक्विडेटरले कार्यालयलाई गराउनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा कार्यालयले सो उद्योगसँग कसैको कुनै प्रकारको लेनदेन बाँकी भए पैंतीस दिनभित्र सोको प्रमाणसहितका लिखित दावी कार्यालय समक्ष पेश गर्न राष्ट्रिय स्तरका दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गर्न सम्बन्धित उद्योगलाई आदेश दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्रकाशित सूचनाअनुसार सो अवधिभत्रि कसैको दावी परी जाँचबुझ गर्दा त्यस्ता दाबी पूर्ण वा आंशिक रूपमा ठीक ठहरिएमा ठहरे बमोजिमको दायित्व फरफारक गर्न कार्यालयले सम्बन्धित उद्योगलाई आदेश दिनुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम कार्यालयले दिएको आदेशअनुसार सम्बन्धित उद्योगले दायित्व फरफारक गरेको देखिएमा वा उपदफा (३) बमोजिम प्रकाशित सूचनाको अवधिभित्र कसैको पनि दावी नपरेका अवस्थामा कार्यालयले सात दिनभित्र सो उद्योगको दर्ता खारेज गरी लगत कट्टा गर्नुपर्नेछ ।

(६) कार्यालयले उपदफा (५) बमोजिम दर्ता खारेजीको जानकारी सम्बन्धित निवेदक र आन्तरिक राजस्व कार्यालय लगायत सम्बद्ध सबै सरकारी निकायलाई दिनुपर्नेछ ।

(७) उपदफा (४) मा जुनसकै कुरा लेखिएको भए तापनि उपदफा (४) बमोजिम कार्यालयले दिएका आदेश बमोजिम फरफारक सम्पन्न भएसम्म त्यस्ता उद्योगको दर्ता खारेजी वा लगत कट्टा हुने छैन ।

**१८. अभिलेख व्यवस्थित गर्नुपर्ने :**

(१) उद्योग दर्ता, नवीकरण, नामसारी, क्षमता वृद्धि, पूँजी वृद्धि, उद्देश्य थप वा परिवर्तन, स्थानान्तरण, खारेजी लगायतका उद्योग प्रशासनसँग सम्बन्धित अभिलेख व्यवस्थित गरी सुरक्षित राख्ने दायित्व कार्यालयको हुनेछ ।

(२) कुनै उद्योग वा त्यस्ता उद्योगमा स्वामित्व भएको व्यक्तिले आफूसँग सम्बन्धित उद्योगका कागजात वा अभिलेख आवश्यक भएको खण्डमा अनुसूची-१५ बमोजिमको ढाँचामा कार्यालयमा निवेदन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवेदन पर्न आएमा कार्यालयले तोकिएको दस्तुर लिई कार्यालयमा रहेका अभिलेख वा कागजात प्रमाणित गरी उपलब्ध गराउनुपर्नेछ ।

(४) कुनै कारणले कार्यालयमा रहेको अभिलेख नष्ट भएको वा फेला पार्न नसकेको अवस्थामा कार्यालयले सरोकारवाला अन्य सरकारी निकायमा रहेका अभिलेख वा कागजात तथा सम्बन्धित उद्योगले पेश गरेका अन्य कागजातलाई आधार मानी अभिलेख कायम गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम अभिलेख कायम गरेपश्चात सो उद्योगको अभिलेखसम्बन्धी विवरण पछि अन्यथा प्रमाणित हुन आएमा कार्यालयले निर्णय गरी त्यस्ता कागजात रद्द गर्न सक्नेछ ।

(६) कार्यालयमा रहेको कुनै उद्योगसँग सम्बन्धित कागजात वा अभिलेख सम्बन्धित उद्योग वा उद्योगमा स्वामित्व भएको व्यक्तिवाहेक अन्य कसैलाइ उपलब्ध गराउनु हुँदैन ।

तर, अनुसन्धान वा सरकारी काम कारवाहीका सिलसिलामा कुनै अदालत वा सरकारी निकायबाट माग भएको अवस्थामा अभिलेख वा कागजात उपलब्ध गराउन बाधा पुऱ्याएको मानिने छैन ।

(७) उद्योग दर्ता गर्ने निकायले आफूसँग रहेको उद्योग सम्बन्धी अभिलेख, कागजात वा अन्य कुनै विवरण विद्युतीय रुपमा समेत सुरक्षित भण्डारण गर्नु पर्नेछ । त्यस्तो विद्युतीय अभिलेख कार्यविधि बनाई अन्य सरकारी निकायसँग विद्युतीय माध्यमबाट आदान प्रदान गर्न सकिनेछ

## परिच्छेद ३
## उद्योगको वर्गीकरण तथा स्थिर पूँजी

१९. **उद्योगको वर्गीकरण :** यस ऐनको प्रयोजनका लागि उद्योगहरूलाई देहाय बमोजिम वर्गीकरण गरिएको छ :

(१) **लघु उद्यम :** दफा ४ को उपदफा (८) बमोजिम अनुमति लिन पर्ने उद्योग बाहेक देहायको अवस्थामा भएका उद्योगलाई लघु उद्यम मानिनेछ :

(१) घरजग्गाबाहेक बढीमा बीस लाख रूपैयाँसम्मको स्थिर पूँजी रहेको,
(२) उद्यमी स्वयं उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको,
(३) उद्यमीसहित बढीमा नौ जना सम्म कामदार रहेको,
(४) वार्षिक कारोबार एक करोड रूपैयाँभन्दा कम रहेको,
(५) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा इन्जिन, उपकरण वा मेसिनमा खपत हुने विद्युतीय ऊर्जा, इन्धन वा अन्य तेल इन्जिनको क्षमता बीस किलोबाट वा सोभन्दा कम रहेको ।

(२) **घरेलु उद्योग** : देहायको अवस्थामा भएको उद्योगलाई घरेलु उद्योग मानिनेछ :

(१) परम्परागत सीप र प्रविधिमा आधारित,
(२) श्रममूलक र खास सीप वा स्थानीय कच्चा पदार्थ एवं स्थानीय प्रविधि, कला तथा संस्कृतिमा आधारित,
(३) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा बढीमा पचास किलोवाटसम्मका क्षमताका विद्युतीय ऊर्जा प्रयोग गरेको,
(४) अनुसूची-१६ मा उल्लेख भए बमोजिमका उद्योगहरू ।

(३) **साना उद्योग :** लघु उद्यम र घरेलु उद्योग बाहेकका पन्ध्र करोड रूपैयाँसम्म स्थिर पूँजी भएको उद्योग ।

२०. **उद्योगको प्रकतिको आधारमा वर्गीकरण :**

(१) उद्योगबाट उत्पादन हुने वस्तु वा सेवाको प्रकृतिका आधारमा हुने उद्योगको वर्गीकरण सम्बन्धमा औद्योगिक व्यवसायसँग सम्बन्धित संघीय कानुनबमोजिम हुनेछ । वर्गीकरण सम्बन्धी संघीय कानूनमा भएको व्यवस्था अनुसूचीमा उल्लेख गरिएका छ ।

(१) **ऊर्जामूलक उद्योग :** ऊर्जा उत्पादन गर्ने व्यवसायमा संलग्न अनुसूची १७ मा उल्लिखित उद्योगहरू,

(२) **उत्पादनमूलक उद्योग :** कच्चा पदार्थ, सहायक कच्चा पदार्थ वा अर्धप्रशोधित कच्चा पदार्थको प्रयोग वा प्रशोधन गरी मालवस्तु उत्पादन गर्ने उद्योगहरू,

(३) **कृषि तथा वन पैदावारमा आधारित उद्योग** : कृषि वा वन पैदावारमा आधारित कच्चापदार्थबाट कुनै वस्तु उत्पादन गर्ने वा कृषि वा वन पैदावारसँग सम्बन्धित अनुसूची-१८ मा उल्लिखित उद्योगहरू,

(४) **खनिज उद्योग** : खनिज उत्खनन् वा प्रशोधन गरी कुनै धातु वा धातुबाहेकका खनिज पदार्थ उत्पादन गर्ने उद्योगहरू,

(५) **पूर्वाधार उद्योग** : भौतिक पूवाधार निर्माण गरी सञ्चालन गर्ने अनुसूची-१९ मा उल्लेख गरिएका उद्योगहरू,

(६) **पर्यटन उद्योग** : पर्यटन सेवासँग सम्बन्धित अनुसूची-२० मा उल्लिखित उद्योगहरू,

(७) **सूचना प्रविधि, सञ्चार प्रविधि तथा सूचना प्रसारण प्रविधिमा आधारित उद्योग** : सूचना सङ्कलन, प्रशोधन र प्रसारणका लागि प्रविधि प्रयोग गरी सूचना, सञ्चार वा सूचना प्रसारण प्रविधिको सेवा उपलब्ध गराउने अनुसूची-२१ मा उल्लिखित उद्योगहरू,

(८) **सेवामूलक उद्योग** : सेवा उत्पादन वा प्रदान गने अनुसूची-२२ मा उल्लिखित उद्योगहरू ।

(२) संघीय औद्योगिक व्यवसाय कानूनले उपदफा (१) र (२) मा उल्लिखित वर्गीकरणमा कुनै हेरफेर गरेमा सोही बमोजिम यस ऐनको वर्गीकरणमा समेत हेरफेर भएको मानिनेछ ।

(३) कुनै उद्योगको दफा (१४) बमोजिम पूँजी वृद्धि, क्षमता वृद्धि, उद्देश्यमा थप, परिवर्तन वा हेरफेर भएमा त्यस्तो उद्योग स्थिर पूंजी परिवर्तन वा हेरफेर भएमा त्यस्तो उद्योग उपदफा (१) बमोजिम जुन वर्गमा पर्ने हो सोही वर्गमा स्वतः वर्गीकृत भएको मानिनेछ ।

**२१. सहकारी संस्थाले उद्योग दर्ता गर्न सक्ने :**

(१) प्रचलित कानुनबमोजिम अनुसूची-२३ मा उल्लिखित व्याबसायिक क्षेत्रमा काम गर्ने उद्देश्य राखी दर्ता भएका सहकारी संस्थाले सो संस्थाको स्वामित्वमा रहने गरी उद्योग दर्ता गर्न चाहेमा यस ऐनबमोजिम उद्योग दर्ता गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम दर्ता भएका उद्योगलाई यस ऐन बमोजिमका विधि र प्रकृयाहरु लागू हुनेछन् ।

**२२. उद्योगको स्थिर पूँजी :**

(१) उद्योगको स्थिर पूँजीको मूल्याङ्कन गर्दा देहायको सम्पत्तिलाई आधारमानी मूल्याङ्कन गरिनेछ ।

(क) जमिन तथा जमिनमुनि (अण्डरग्राउण्ड), अन्तरिक्ष, जल वा जलमुनि निर्माण वा सुधार भएका भौतिक संरचना,

(ख) जमिनमाथि निर्माण भएका भौतिक संरचना (जस्तैः ढल निकास, आन्तरिक सडक, खानेपानीका संरचना, पानी आपूर्ति गर्ने प्रणाली),
(ग) उद्योगको कार्यालय, कारखाना, भवन वा गोदाम घर,
(घ) कर्मचारी वा कामदारका लागि निर्माण भएको आवास भवन,
(ङ) विद्युत आपूर्ति तथा सोसँग सम्बन्धित उपकरण र प्रणाली,
(च) मेसिनरी, उपकरण, औजार तथा तिनका जगेडा पार्टपूर्जा,
(छ) परिबहनका साधन,
(ज) कार्यालयको पूँजीगत सामग्री तथा उपकरण,
(झ) फिक्स्चर तथा फर्निचर,
(ञ) सञ्चार सामग्री तथा सोसँग सम्बन्धित उपकरण र प्रणाली ।

(२) उपदफा (१) मा उल्लिखित सम्पत्तिका अतिरिक्त उद्योग स्थापना हुनुभन्दा अघि वा निर्माणको विभिन्न चरणमा भएका देहायका खर्चलाइ पनि उद्योगको स्थिर पूँजीको रुपमा मूल्याङ्कन गरिनेछ :
(क) पूँजीकृत गरिने प्राविधिक तथा सुपरीवेक्षण खर्च,
(ख) पूर्व लगानी तथा पूर्व सञ्चालन खर्च,
(ग) पूँजीकृत हुने ब्याज खर्च ।
(घ) उद्योग सञ्चालन पूर्वको वातावरणीय अध्ययन र अनुसन्धान

२३. **राष्ट्रिय प्राथमिकता प्राप्त उद्योग :** औद्योगिक व्यवसायसम्बन्धी संघीय कानुनमा उल्लिखित उद्योगहरूलाई यस ऐनको प्रयोजनका लागि राष्ट्रिय प्राथमिकता प्राप्त उद्योग मानिनेछ ।

## परिच्छेद ४
## उद्योग व्यवसाय प्रवर्द्धन समिति

२४. **समितिको गठन :**

(१) दफा २५ बमोजिमका काम, कर्तव्य विर्वाह गर्न तथा अधिकारको प्रयोग गर्नका लागि देहाय बमोजिमको एक उद्योग व्यवसाय प्रवर्द्धन समिति गठन गरिनेछ :

| | |
|---|---|
| (क) नगर कार्यपालिका प्रमुख वा उपप्रमुख | - अध्यक्ष |
| (ख) प्रमुख प्रशासकीय अधिकृत, नगरपालिका | - सदस्य |
| (ग) अध्यक्ष, नेपाल उद्योग/वाणिज्य व्यापार संघ संगठनको प्रतिनिधी | - सदस्य |
| (घ) अध्यक्ष, नेपाल घरेलु तथा साना उद्योग महासंघ, तिलोत्तमा | - सदस्य |

(ङ) नगरपालिकाले तोकेको महिला उद्यमी - सदस्य
(च) नगरपालिकाले तोकेको बैंक वा वित्तिय संस्थाको प्रतिनिधी - सदस्य
(छ) वन तथा वातावरण हेर्ने शाखा प्रमुख, नगरपालिका - सदस्य
(ज) प्रमुख सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय, रूपन्देही - सदस्य
(झ) कृषि तथा पशु विकास शाखा प्रमुख - सदस्य
(ञ) आर्थिक विकास शाखा प्रमुख - सदस्य सचिव

२. समितिले आवश्यक देखेमा सम्बन्धित विषयको विज्ञ, सम्बन्धित शाखा प्रमुख, नेपाल सरकार वा प्रदेश सरकारको कुनै पदाधिकारी वा अधिकृत कर्मचारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

३. समितिको बैठक सामान्यतया दुई महिनाको एक पटक र आवश्यकताअनुसार जुनसुकै बखत बस्न सक्नेछ ।

४. समितिको अध्यक्षको परामर्शमा सदस्यसचिवले बैठकमा पेश हुने कार्यसूची निर्धारण गरी समितिको बैठक बस्नुभन्दा २४ घण्टा अगावै सबै सदस्यलाई उपलब्ध गराउनुपर्नेछ ।

५. समितिको बैठकमा पेश हुने कुनै कार्यसूचीको सम्बन्धमा समितिको कुनै सदस्यको निजी सरोकार रहेको भएमा त्यस्ता कार्यसूचीका सम्बन्धमा हुने निर्णय प्रक्रियामा निजले भाग लिन हुँदैन ।

६. उपदफा (५) को विपरीत हुने गरी निर्णय भएको देखिएमा त्यस्तो निर्णय स्वतः बदर हुनेछ ।

७. समितिको अन्य कार्यविधि समिति आफैँले निर्धारण गर्न सक्नेछ ।

८. समितिले गरेका निर्णयहरू अध्यक्ष तथा सदस्यसचिवले प्रमाणित गरी राख्नुपर्नेछ ।

९. समितिको सचिवालय कार्यालयमा रहनेछ ।

**२५. <u>समितिको काम, कर्तव्य र अधिकार</u> :**

(१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) उद्योगीका गुनासो सुनुवाई गरी समस्या समाधान गर्ने, गराउने तथा सम्बन्धित निकायलाइ आवश्यक निर्देशन/सुझाव दिने ।

(ख) औद्योगिक ग्राममा उद्योग प्रवर्द्धन तथा लगानी अभिवृद्धि गर्न आवश्यकता अनुसार अध्ययन/सर्भेक्षण गर्ने गराउने ।

(ग) एकल विन्दु सेवा केन्द्रको सञ्चालन एवं व्यवस्थापन सम्बन्धमा समन्वय र सहजीकरण गर्ने,

(घ) सार्वजनिक, निजी र सहकारी क्षेत्रको समन्वय र सहकार्यमा प्रतिस्पर्धात्मक औद्योगिक वातावरण निर्माण गर्न आवश्यक कार्य गर्ने ।

(ङ) उद्योग व्यवसाय सम्बन्धी कुनै कानुनको कार्यान्वयनमा कुनै बाधा, अवरोध वा द्विविधा उत्पन्न भएमा सोको निराकरणका लागि सहजीकरण गर्ने,

(च) औद्योगिक फोहर व्यवस्थापन तथा प्रदूषण नियन्त्रणसम्बन्धी नीति कार्यान्वयन सम्बन्धी कार्य गर्ने,

(छ) उद्यमशीलताको विकास र प्रवर्द्धनसम्बन्धी नीति, निर्माण र कार्यान्वयन गर्ने गराउने ।

(२) समितिले आफ्नो काम, कर्तव्य र अधिकारमध्ये केही अधिकार कुनै अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) समितिले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन तयार गरी नगरपालिकामा आर्थिक वर्ष समाप्त भएको तीस दिनभित्र पेश गर्नुपर्नेछ साथै यस्तो प्रतिवेदन नगरपालिकाको वेबसाइटमा पनि प्रकाशन गर्नुपर्नेछ ।

**२६. समितिका सदस्यले निर्णय प्रकृयामा भाग लिन नहुनेः**

(१) समितिको बैठकमा निर्णयको लागि पेश हुने कुनै कार्यसूचीको सम्बन्धमा समितिका कुनै सदस्यको निजी सरोकार वा स्वार्थ रहेको भएमा त्यस्तो कार्यसूचीका सम्बन्धमा हुने निर्णय प्रकृयामा निजले भाग लिन हुँदैन ।

(२) उपदफा (१) बमोजिमको अवस्था आईपरेमा सम्बन्धित सदस्यले सदस्य (सचिव मार्फत समितिलाइ जानकारी गराउनु पर्नेछ,

(३) उपदफा (१) विपरीत हुने गरी निर्णय भएको देखिएमा त्यस्ता निर्णय स्वतः वदर हुनेछ ।

**२७. गोपनीयता कायम राख्नुपर्नेः**

(१) समितिको कामको सिलसिलामा आफ्नो जानकारीमा आएका कुनै सूचना अनाधिकृत तवरले अन्य कुनै व्यक्तिलाई उपलब्ध गराउन वा कसैको लाभ, हित वा फाइदाको लागि प्रयोग गर्नु वा गराउनु हुँदैन ।

(२) उपदफा (१) विपरीत समितिका अध्यक्ष, सदस्य, सदस्य-सचिव, बैठकमा आमन्त्रित व्यक्ति वा कर्मचारीले कुनै काम गरेमा निजले पदीय आचरण पालना गरेको मानिने छैन ।

## परिच्छेद - ५
## एकल विन्दु सेवा केन्द्रसम्बन्धी व्यवस्था

**२८. एकल विन्दु सेवा केन्द्र स्थापना :**

(१) यस ऐन बमोजिम वा प्रचलित कानुन बमोजिम नगरपालिकामा दर्ता भएका वा दर्ता हुने लघु उद्यम, घरेलु उद्योग तथा साना उद्योगले यस ऐन वा औद्योगिक व्यवसाय सम्बन्धी संघीय कानुन वा प्रदेश कानुनबमोजिम प्राप्त गर्ने छुट सुविधा वा सहुलियत स्थानीय तहबाट नै प्रदान गर्न तथा उद्योग स्थापनाको अनुमति, दर्ता, नवीकरण, विस्तार तथा खारेजीसम्मका उद्योग प्रशासनसम्बन्धी सेवाहरू सरल र सहज प्रक्रियाद्वारा एकै स्थलबाट उपलब्ध गराउन नगर प्रमुखको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा रहने गरी एकल विन्दु सेवा केन्द्रको स्थापना गर्न सकिनेछ ।

(२) कार्यालयले उपदफा (१) बमोजिमको सेवा प्रदान गर्नमा लाग्ने समय, पेश गर्नु पर्ने कागजात तथा बुझाउनु पर्ने शुल्क आदी सम्वन्धी प्रकृया उल्लेख गरी नागरीक वडापत्र राख्नु पर्नेछ ।

(३) समितिले केन्द्रले प्रदान गर्ने सेवाहरू, उद्योगले पाउने छुट, सुविधा वा सहुलियत एकै थलोबाट समयमै उपलब्ध भए नभएको अनुगमन गर्ने तथा सेवाको स्तरका सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम समितिले दिएको निर्देशन पालन गर्नु केन्द्रको कर्तव्य हुनेछ ।

(५) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि एकल विन्दु सेवा केन्द्र मार्फत प्राप्त हुने सुविधा, सुहलियत वा सेवाहरु उक्त केन्द्र मार्फत प्राप्त नगरी उद्यमी वा लगानीकर्ताले चाहेमा सम्बन्धित निकायमा सोझै सम्पर्क गरी प्राप्त गर्न सक्नेछ ।

**२९. केन्द्रमा रहने कर्मचारी सम्बन्धी व्यवस्था :**

(१) प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष नियन्त्रण, रेखदेख र निर्देशनमा रहने गरी केन्द्रमा आवश्यकता अनुसार पूर्णकालीन तथा आंशिक रूपमा काम गर्ने कर्मचारी रहनेछन् ।

| | | |
|---|---|---|
| उद्योग अधिकृत | - | १ |
| कृषि अधिकृत | - | १ |
| वन तथा वातावरण अधिकृत | - | १ |
| लेखा अधिकृत | - | १ |
| कर तथा राजस्वसम्बन्धी अधिकृत | - | १ |
| उद्योग प्रशासन हेर्ने ना.सु. | - | १ |

| | | |
|---|---|---|
| कम्प्युटर अपरेटर | - | १ |
| सहजकर्ता | - | १ |
| कार्यालय सहायक | - | १ |

**३०. केन्द्रको काम, कर्तव्य र अधिकार** :

(१) केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) यस ऐनबमोजिम उद्योगको दर्ता, अनुमति, नवीकरण, उद्योगको ठाउँसारी, नामसारी, उद्देश्य परिवर्तन, क्षमता वृद्धि, उद्योगको खारेजी लगायतका उद्योग प्रशासन सम्बन्धी कार्य गर्ने, ( कार्यालयका कामसंग तादात्म्य मिलाउनुपर्ने)

(ख) प्रचलित कानुनबमोजिम प्रारम्भिक वातावरणीय परीक्षण र संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी कार्य गर्ने,

(ग) यस कानुन तथा प्रचलित संघीय वा प्रदेश कानुनबमोजिम उद्योग एवं लगानीकर्तालाई प्राप्त हुने छुट, सुविधा, सहलियत, प्रोत्साहन प्रदान गर्नेसम्बन्धी कार्य गर्ने,

(घ) उद्योग व्यवसाय दर्ताको लागि आवश्यक पर्ने कागजात विद्युतीय स्वरुपमा लिने र सम्बन्धित सबै निकायमा विद्युतीय प्रणालीबाट अन्तरनिकायले प्रयोग गर्ने गरी प्रणालीको विकास गरी कार्यान्वयन गर्ने,

(ङ) उद्योग एवं लगानीकर्तालाइ प्राप्त हुने प्रोत्साहन छुट सुविधा वा सहुलियत प्रदान गर्ने सम्बन्धमा संघीय सरकार तथा प्रदेश सरकारबाट भएका निर्णय कार्यान्वयन गर्ने गराउने,

(च) संघीय र प्रदेश मन्त्रालयले गरेका सूचना तथा निर्देशन कार्यान्वयन गर्ने गराउने,

(छ) उद्यम व्यवसाय प्रवर्द्धन समितिको निर्णय एवं निर्देशन कार्यान्वयन गर्ने गराउने ।

(२) **केन्द्रले देहायका विषयमा सिफारिस तथा सहजीकरण सम्बन्धी कार्य गर्नेछ :**

(क) प्रचलित कानुनबमोजिम श्रम स्वीकृति र कार्य सहमतिका लागि आवश्यक सिफारिस तथा सहजीकरण गर्ने ।

(ख) स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित आयोजनासम्बन्धी प्रस्तावको हकमा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन भए स्थानीय कानुनले तोकेको निकायसमक्ष सिफारिस गर्नु पर्नेछ । वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको हकमा प्रदेश कानुनले तोकेको प्रदेश सरकारको निकायमा सिफारिस गर्नुपर्नेछ । (संघीय कानुन बमोजिमको वातावरण संरक्षण

सम्बन्धी कार्यान्वयन गर्नु पर्ने व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

(ग) उद्योगलाई आवश्यक पर्ने विद्युत, पानी, सञ्चारका साधन, सडकजस्ता पूर्वाधार सेवा उपलब्ध गराउने सम्बन्धमा सम्बन्धित निकायसँग समन्वय तथा सहजीकरण गर्न सम्पर्क विन्दु (फोकल प्वाइन्ट)को रूपमा कार्य गर्ने ।

(घ) प्रचलित कानुनबमोजिम उद्योगलाई स्थायी लेखा नम्बर प्राप्त गर्न सहजीकरण गर्ने ।

(ङ) भन्सार विभागबाट प्रदान हुने निकासी पैठारी संकेत नम्बर लिन तथा बण्डेड वेयर हाउसका लागि सहजीकरण गर्ने ।

(च) उद्योगलाइ आवश्यक पर्ने खानी, जडीबुटीलगायतका निकायगत स्वीकृति आवश्यक पर्ने विषयमा स्वीकृतिपत्र उपलब्ध गराउन आवश्यक सिफारिस तथा निकायगत समन्वय गर्ने ।

(छ) उद्योगलाई आवश्यक पर्ने जग्गा प्राप्तिमा आवश्यक समन्वय र सहजीकरण गर्ने, करार (सम्झौता) मा जग्गा उपलब्ध गराउन सहयोग गर्ने ।

(ज) आयात अनुमति लिनुपर्ने माल वस्तु भएमा कानुनबमोजिम अनुमतिको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।

(झ) उद्योग स्थापना, सञ्चालन, लगानी सम्बन्धमा आवश्यक सूचना र जानकारी उपलब्ध गराउने ।

(ञ) उद्योग, व्यवसायलाई आवश्यक पर्ने अन्य सबै प्रकारका सिफारिस तथा सहजीकरण सम्बन्धी काम गर्ने ।

(ट) नगर कार्यपालिका र समितिले दिएको निर्देशन कार्यान्वयन गर्ने गराउने ।

(३) यस दफा बमोजिम केन्द्रले गरेको निर्णय सम्बन्धित निकायले कार्यान्वयन गर्नुपर्नेछ ।

## परिच्छेद - ६
## उद्योगलाई प्रदान गरिने प्रोत्साहन, छुट, सुविधा र सहुलियत

**३१. कर तथा गैर कर सम्बन्धी छुट, सुविधा तथा सहुलियतः**

(१) संघीय कानून बमोजिम उद्योगलाई प्राप्त हुने कर, भन्सार, अन्तःशुल्क, महशुल सम्बन्धी सम्पूर्ण छुट, सुविधा तथा सहुलियत यस ऐन बमोजिम दर्ता भएका उद्योगलाई पनि प्राप्त हुनेछ ।

(२) यस ऐन बमोजिम दर्ता भएका उद्योगले उपदफा (१) मा उल्लिखित छुट, सुविधा तथा सहुलियतका अतिरिक्त तिलोत्तमा नगरपालिकाले उद्योगलाइ प्रदान गरेको छुट, सुविधा तथा सहुलियत समेत पाप्त गर्नेछ ।

(३) उद्योगलाई प्राप्त हुने छुट, सुविधा तथा सहुलियत सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३२. भन्सार महसुलसम्बन्धी छुट सुविधा वा सहुलियत** : यस ऐन बमोजिम दर्ता भएको उद्योगलाई औद्योगिक व्यवसायसम्बन्धी संघीय कानुन बमोजिमको भन्सार महसुल छुट प्राप्त हुनेछ ।

**३३. लघु उद्यमका लागि अन्य सुविधा एवं सहुलियत :**

(१) लघु उद्यम दर्ता गर्दा कुनै शुल्क वा दस्तुर लाग्ने छैन ।

(२) औद्योगिक व्यवसायसम्बन्धी संघीय कानुनबमोजिम लघु उद्यमलाई प्राप्त हुने शत प्रतिशत आयकर छुट यस ऐनबमोजिम दर्ता भई सञ्चालन हुने लघु उद्यमलाई पनि प्राप्त हुनेछ ।

**३४. महिला उद्यमीको लागि थप सुविधा :**

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि महिला उद्यमीको मात्र स्वामित्व रहने गरी उद्योग वा फर्म दर्ता गराएमा त्यस्ता फर्म वा उद्योग दर्ता गर्दा कानुनबमोजिम लाग्ने दस्तुर वा शुल्कमा पचास (५०) प्रतिशत छुट हुनेछ ।

(२) महिला उद्यमीको मात्र स्वामित्व रहने गरी दर्ता भएको उद्योगमा प्रयोग गरिने औद्योगिक सम्पत्ति दर्ता गराउँदा प्रचलित कानुनबमोजिम लाग्ने दस्तुरमा औद्योगिक व्यवसायसम्बन्धी संघीय कानुनअनुसार प्राप्त हुने बीस प्रतिशत छुट यस ऐनबमोजिम महिला उद्यमीको मात्र स्वामित्व रहने गरी दर्ता भएका उद्योगलाई पनि प्राप्त हुनेछ ।

(३) महिला उद्यमीले औद्योगिक ग्रामभित्र उद्योग स्थापना गर्न चाहेमा स्थान उपलब्ध गराउन प्राथमिकता दिनुपर्नेछ ।

**३५. विशेष व्यवस्था लागू हुनेः**

(१) औद्योगिक ग्राम, औद्योगिक क्लस्टरभित्र सञ्चालन हुने उद्योगलाई संघीय सरकारले प्रोत्साहन, छुट सुविधा वा सहुलियत सम्बन्धमा विशेष व्यवस्था गरेको अवस्थामा सो व्यवस्था यस ऐनअन्तर्गत औद्योगिक ग्राम, औद्योगिक क्लस्टरभित्र स्थापना भएका उद्योगको हकमा पनि लागू हुनेछ ।

**३६. थप सुविधा वा सहुलियत :** यस परिच्छदमा उल्लिखित छुट, सुविधा वा सहुलियतका अतिरिक्त औद्योगिक व्यवसायसम्बन्धी संघीय कानुनबमोजिम थप छुट सुविधा वा सहुलियत यस ऐनबमोजिम दर्ता भएका उद्योगहरूले पनि प्राप्त गर्न सक्नेछन् ।

**३७. जग्गासम्बन्धी व्यवस्था :**

(१) यस ऐन वा प्रचलित कानुनबमोजिम दर्ता भएका उद्योगहरूका लागि आवश्यक जग्गा सम्बन्धित उद्यमीले प्रचलित कानुनबमोजिम आफैंले खरिद गर्नुपर्छ ।

(२) उद्योगले आफूलाई आवश्यक पर्ने जग्गा आफैंले खरिद गर्न नसकेमा त्यस्ता जग्गा खरिद गर्न वा जग्गा उपलब्ध गराइदिन कार्यालयसमक्ष लिखित रूपमा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुरोध भई आएमा कार्यालयले जग्गा प्राप्तिको लागि सम्बन्धित निकायमा समन्वय र सहजीकरण गर्नुपर्नेछ ।

**३८. करार (मम्फौता) मा जग्गा उपलब्ध गराउने :**

(१) राष्ट्रिय प्राथमिकता प्राप्त उद्योग सञ्चालन गर्न नेपालसरकारका स्वामित्वमा रहेको जग्गा आवश्यक पर्ने भएमा त्यस्ता उद्योगले आफूलाइ आवश्यक पर्ने जग्गाको क्षेत्रफल खुलाई जग्गा करार ( सम्फौता) मा उपलब्ध गराइदिन देहायको विवरण र कागजातसहित कार्यालयसमक्ष निवेदन दिन सक्नेछ :

(क) उद्योग दर्ता प्रमाणपत्रका प्रतिलिपि,
(ख) उद्योगका लागि आवश्यक पर्ने जग्गाको क्षेत्रफल र स्थान,
(ग) उद्योगीले जग्गा लिजमा लिनुपर्नाको कारण,
(घ) अन्य कनै निकायबाट अनुमति लिनुपर्ने भए सो अनुमतिपत्र,
(ङ) अनुसूची (१) बमोजिमको उद्योगको परियोजनाका विवरण ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा व्यहोरा मनासिव देखिएमा कार्यालयले आवश्यकता अनुसार त्यस्ता जग्गाको स्थलगत निरीक्षण गरी यकिन राय सुझाव सहित नगरपालिकाको सिफारिससमेत संलग्न गरी सम्बन्धित संघीय मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

(३) औद्योगिक व्यवसायसम्बन्धी संघीय कानुनअनुसार संघीय मन्त्रालयले सम्बन्धित उद्योगलाइ करार (सम्झौता) मा जग्गा उपलब्ध गराउन सक्नेछ ।

**३९. औद्योगिक सुरक्षा :**

(१) प्रचलित कानुन बमोजिम स्थापना भएका उद्योगलाई आवश्यकता अनुसार नेपाल सरकारले संघीय कानुनबमोजिम उपलब्ध गराउने औद्योगिक सुरक्षा सम्बन्धी व्यवस्था यस ऐन अन्तर्गत दर्ता भएका उद्योगका हकमा पनि लागू हुनेछ ।

(२) उपदफा (१) बमोजिम औद्योगिक सुरक्षा प्रदान गर्ने सम्बन्धमा कार्यालयले आवश्यक समन्वय र सहजीकरण गर्नेछ ।

**४०. राष्ट्रियकरण वा अधिग्रहण नगरिने :** यस ऐन बमोजिम दर्ता भएको कुनै पनि उद्योग राष्ट्रियकरण तथा अधिग्रहण गरिने छैन ।

**४१. छुट, सुबिधा, सहुलियतको दुरुपयोग गर्न नहुने:**

(१) यस ऐन बमोजिम उद्योगले प्राप्त गर्ने सुविधा तथा सहुलियतहरु जुन प्रयोजनका लागि प्राप्त गरेको हो सो काममा प्रयोग नगरी दुरुपयोग गर्न पाइने छैन ।

(२) उपदफा (१) बमोजिम कसैले त्यस्ता सुविधा दुरुपयोग गरेमा त्यस्ता सुविधा दुरुपयोग गर्ने उद्योगले तत्पश्चात कुनै सुविधा पाउने छैन ।

(३) उपदफा (२) मा जुनसकै कुरा लेखिएको भए तापनि सम्बन्धित उद्योगको सुविधा रोक्नु अघि त्यस्ता उद्योगलाई आफ्नो भनाइ राख्ने उपयुक्त मौकाबाट वञ्चित गरिने छैन ।

## परिच्छेद - ७
## औद्योगिक ग्राम सम्बन्धी व्यवस्था

**४२. औद्योगिक ग्राम सञ्चालन, व्यवस्थापनको जिम्मेवारी नगर कार्यपालिकाको हुने :**

(१) नेपाल सरकारबाट घोषणा भएका औद्योगिक ग्राम स्थापना गर्ने, विकास गर्ने, सञ्चालन, व्यवस्थापन तथा त्यसको उचित संरक्षण गर्ने जिम्मेवारी नगर कार्यपालिकाको हुनेछ ।

(२) औद्योगिक ग्रामको सञ्चालन तथा व्यवस्थापनको लागि नगर कार्यपालिकाले छुट्टै कार्यविधि बनाइ लागु गर्न सक्नेछ ।

**४३. औद्योगिक ग्राम व्यवस्थापन कार्यालयको स्थापना :**

(१) औद्योगिक ग्राममा स्थापना हुने उद्योगहरूको दर्ता नियमन तथा उद्योग प्रशासन सम्बन्धी कार्य गर्न, उद्योगलाई पुऱ्याउनु पर्ने सेवा प्रदान गर्न तथा अन्य सहजीकरण र समन्वय सम्बन्धी काम गर्न नगरपालिकाको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा रहने गरी सम्बन्धित औद्योगिक ग्राम परिसरभित्र एक औद्योगिक ग्राम व्यवस्थापन कार्यालय रहनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना गरिएको व्यवस्थापन कार्यालयले औद्योगिक ग्राममा पूर्वाधार संरचनाको निर्माण तथा विकास, रेखदेख र अनुगमन तथा मूल्याङ्कन गर्न वा गराउन सक्नेछ ।

**४४. व्यवस्थापन कार्यालयको काम, कर्तव्य र अधिकार :**

(१) व्यवस्थापन कार्यालयको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) औद्योगिक ग्रामको स्थापना, विकास, सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा नगरपालिकालाई आवश्यक राय सुझाव दिने ।

(ख) औद्योगिक ग्रामका स्थापना, विकास, व्यवस्थापन तथा पूर्वाधार संरचना विकास गर्दा स्वीकृत मापदण्डबमोजिम गर्ने, गराउने ।

(ग) औद्योगिक ग्राममा स्थापना हुने उद्योगको दर्ता, नवीकरण लगायतका उद्योग प्रशासनसम्बन्धी काम गर्ने ।

(घ) यस ऐन वा अन्य प्रचलित कानून बमोजिम उद्योगलाई उपलब्ध हुने छुट, सुविधा वा सहुलियत उपलब्ध गराउनका लागि सम्बन्धित निकायमा आवश्यक सिफारिस, सहजीकरण तथा समन्वय गरिदिने ।

(ङ) औद्योगिक ग्रामभित्र स्थापना हुने उद्योगलाइ उपलब्ध गराउने जग्गा, भवन, सेवा सुविधावापत लिने लिज वा वहाल रकम, सेवा शुल्क वा दस्तुरको मापदण्ड तयार गरी नगरकार्यपालिका समक्ष पेश गर्ने ।

(च) उपदफा (ङ) बमोजिमका मापदण्ड नगर कार्यपालिकाबाट स्वीकृत भएपछि लागू गर्ने ।

(छ) औद्योगिक ग्रामभित्र स्थापित उद्योगहरूका आवधिक रूपमा अनुगमन तथा निरीक्षण गरी यो ऐन वा यस ऐनअन्तर्गत बनेका नियमविपरीत कार्य गरेको पाइएमा आवश्यक कारवाही गर्ने ।

(ज) औद्योगिक ग्रामभित्र आवश्यक सुरक्षा प्रबन्ध मिलाउने ।

(झ) औद्योगिक ग्रामभित्र स्थापना हुने उद्योगको लागि आवश्यक पर्ने मेसिनरी, उपकरण, जगेडा, पार्टपूर्जा, यातायातका साधन, कच्चापदार्थ, प्याकेजिङ सामग्री जस्ता सामान आयात गर्न

सम्बन्धित निकायमा आवश्यक सिफारिस तथा सहजीकरण गर्ने ।

(ञ) नगरपालिकाले समय समयमा तोकेका काम र निर्देशन बमोजिमका अन्य काम गर्ने ।

**४५. कर्मचारीसम्बन्धी व्यवस्था :**

(१) औद्योगिक ग्राम व्यवस्थापन कार्यालयको सञ्चालनको लागि नगर कार्यपालिकाले आवश्यक संख्यामा कर्मचारी उपलब्ध गराउनेछ ।

(२) औद्योगिक ग्राम व्यवस्थापन कार्यालयका कर्मचारीहरूको नियुक्ति, पारिश्रमिक तथा सेवाका शर्तहरू नगर कार्यपालिकाका कर्मचारीसरह हुनेछ ।

(३) व्यवस्थापन कार्यालयको लागि छुट्टै कर्मचारी नियुक्ति नभएसम्मको लागि आवश्यक पर्ने कर्मचारी नगर कार्यपालिकाले उपलब्ध गराउनेछ ।

**४६. औद्योगिक ग्रामसम्बन्धी विशेष व्यवस्था :**

(१) औद्योगिक ग्राम घोषणा भई औद्योगिक ग्राम स्थापना, संरचना विकास, सञ्चालन व्यवस्थापन गर्ने सम्बन्धमा देहायबमोजिम विशेष व्यवस्था गर्न सकिनेछ :

(क) औद्योगिक ग्रामभित्र स्थापना हुने उद्योगको प्रकृति अनुसार मिल्ने गरी निर्धारित क्षेत्रभित्रका प्लटहरूमा मात्र स्थापना गर्न पाउने गरी जोनिङ्ग (Zoning) गर्ने कार्य विस्तृत परियोजना प्रस्ताव तयार गर्दाकै बखत छुटयाउनुपर्नेछ ।

(ख) औद्योगिक ग्रामभित्र स्थापना हुने उद्योगहरूमध्ये महिला उद्यमी वा अन्य कुनै विशेष वर्गका लागि संरक्षण वा आरक्षण गर्नुपर्ने देखिएमा नगर कार्यपालिकाले प्लट छुटयाउने बखत नै संख्या निर्धारण गरी संरक्षण वा आरक्षणका लागि प्लट छुटयाउन सक्नेछ ।

(ग) फोहर व्यवस्थापन : उद्योग सञ्चालनबाट निस्कने तरल फोहर वा ठोस फोहर ( लिक्विड वेष्ट वा सोलिड वेष्ट) दुवै प्रकृतिका फोहरको व्यवस्थापन प्रक्रिया कस्तो हुने, विसर्जन गर्ने स्थान र तरिका सम्बन्धित उद्योगले उद्योग सञ्चालनपूर्व नै कार्यालयमा फोहर व्यवस्थापन योजना पेश गर्नुपर्ने व्यवस्था गर्ने ।

(घ) औद्योगिक ग्रामभित्र उद्योग स्थापना गर्ने भनी जग्गा लिजमा लिने तर तोकिएको समयमा उद्योग सञ्चालन नगरी जग्गा मात्र ओगट्ने प्रवृत्तिलाई निरुत्साहन गर्न उद्योग स्थापना गरी सञ्चालन गर्न तोकिएको अवधिभित्र उद्योग सञ्चालन नगर्ने उद्योगका हकमा मनासिव माफिकका कारण भएमा कानुनमा व्यवस्था

भएको शुल्क जरिवाना तिरी बढीमा उद्योग दर्ता गर्दाका बखत निर्धारण गरिएको अवधि बराबर मात्र थप समय दिन सक्ने, सो अवधिभित्र पनि उद्योग स्थापना गरी सञ्चालन नगरेमा इजाजत स्वतः रद्द हुने व्यवस्था गर्नुपर्नेछ ।

(ङ) औद्योगिक ग्राममा स्थापना हुने एकै प्रकृतिका उद्योगबाट उत्पादित वस्तुहरुको सामूहिक लोगो ट्रेडमार्क तथा ब्राण्डिङ्ग प्रयोग गरी बजारीकरण गर्न सकिनेछ ।

(च) औद्योगिक ग्राममा स्थापना हुने उद्योगबाट उत्पादित वस्तुको बजार अध्ययन, अनुसन्धान, ब्राण्डिङ्ग तथा एकीकृत रूपमा प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्थापन कार्यालयले आवश्यक सहयोग समन्वय तथा सहजीकरण गर्न सक्नेछ ।

## परिच्छेद - ८
## उद्यम प्रवर्द्धन कोष

**४७. कोषसम्बन्धी व्यवस्था :**

(१) नगर कार्यपालिकाले लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धन तथा संरक्षणका लागि **"उद्यम प्रवर्द्धन कोष"** खडा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछ ।

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) स्वदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त हुने द्विपक्षीय वा बहुपक्षीय अनुदान वा सहयोग रकम,

तर विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ संस्थाबाट अनुदान वा सहयोग प्राप्त गर्नुअघि नेपाल सरकार अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको कोषको रकम देहायको कार्यमा खर्च गर्न सकिनेछ ।

(क) लघु उद्यम, घरेलु तथा साना उद्योग विकास,

(ख) प्रविधि विकास,

(ग) उद्यमशीलता विकास एवं प्रवर्द्धन,

(घ) महिला उद्यमशीलता विकास,

(४) कोषको रकम उपदफा (३) बमोजिमको कार्यमा खर्च गर्दा कोषको स्वीकृत वार्षिक कार्यक्रमको अधिनमा रही लगानी तथा खर्च गर्नु पर्नेछ ।

(५) कोषको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४८. <u>कोषको प्रयोग</u> :**

(१) नगरपालिकाले उद्यम विकास कोषमा जम्मा भएको रकम देहायको कार्यक्रम सञ्चालनको लागि खर्च गर्न सक्नेछ :

(क) लघु तथा घरेलु उद्योग सञ्चालन गर्ने उद्यमीहरूलाई सहुलियत दरमा बिउ पूँजीवापत समयावधि तोकी ऋण प्रदान गर्ने ।

(ख) लघु उद्यम, घरेलु उद्योग तथा साना उद्योगको विकास तथा प्रवर्द्धनसम्बन्धी कार्यक्रम संचालन गर्ने ।

(ग) महिला तथा संरक्षण दिनुपर्ने पिछडिएका वर्गको लागि उद्यमशीलता विकाससम्बन्धी कार्यक्रम संचालन गर्ने ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सहुलियत ऋणमा कोषको न्यूनतम साठी प्रतिशत रकम हुने गरी नगर कार्यपालिकाबाट वार्षिक रूपमा कार्यक्रम स्वीकृत गराई मात्र खर्च गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम कार्यक्रममा कोषको रकम खर्च गर्ने सम्बन्धमा छुट्टै कोष सञ्चालन कार्यविधि स्वीकृत गरी सोहीबमोजिम खर्च गर्नुपर्नेछ ।

(४) सहुलियत ऋण रकम सम्बन्धित उद्यमीबाट तोकिएको समयभित्र साँवा ब्याजसहित फिर्ता भई कोषमा जम्मा गर्ने व्यवस्था गर्नुपर्नेछ । यो चक्रिय (रिभल्भिङ) आवर्ती कोषका रूपमा रहनेछ ।

**४९. <u>कोषको लेखा तथा लेखापरीक्षण</u> :**

(१) कोषको खाता सञ्चालन नगर कार्यपालिकाले तोकेको अधिकृत तथा आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(२) कोषको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

(३) कोषले वार्षिक रूपमा सञ्चालन गरेको कार्यक्रमको वार्षिक प्रतिवेदन तयार गरी नगरपालिका तथा अन्य सम्बद्ध निकायमा आर्थिक वर्ष समाप्त भएको मितिले तीस दिनभित्र पठाउनुपर्नेछ ।

**५०. <u>कोषको सञ्चालन व्यवस्थापन</u> :**

(१) कोषको सञ्चालन व्यवस्थापनसम्बन्धी सम्पूर्ण जिम्मेवारी दफा २४ बमोजिमका उद्यम व्यवसाय प्रवर्द्धन समितिको हनेछ ।

(२) कोष सञ्चालन व्यवस्थापनसम्बन्धी विषयमा हुने बैठकमा सम्बन्धित कुनै संस्थाको प्रतिनिधि वा विषयविज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

## परिच्छेद - ९
## सजाय र पुनरावेदनसम्बन्धी व्यवस्था

**५१. सजाय :**

(१) कसैले दफा ३ बमोजिम उद्योग दर्ता नगराइ उद्योग सञ्चालन गरेको पाइएमा उद्योग दर्ता गर्ने अधिकारीको सिफारिसमा समितिले त्यस्ता उद्योगलाई तत्काल बन्द गर्न लगाई देहायबमोजिमको जरिवाना गर्न सक्नेछ :

(क) लघु उद्यमको हकमा पाँच हजार रूपैयाँ,

(ख) घरेलु र साना उद्योगको हकमा पच्चीस हजार रूपैया ।

(२) कुनै उद्योगले आफ्नो उद्देश्य विपरीत कार्य गरेमा उद्योग दर्ता गर्ने अधिकारीको सिफारिसमा समितिले त्यस्ता उद्योगलाई देहाय बमोजिमको जरिवाना गर्न सक्नेछ :

(क) लघु उद्यमको हकमा दुई हजार रूपैयाँसम्म ।

(ख) घरेलु तथा साना उद्योगका हकमा पचास हजार रूपैयाँसम्म ।

(३) कुनै उद्योगले दफा ९ बमोजिम तोकिएको अवधिभित्र उद्योग सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेको जानकारी नदिएमा उद्योग दर्ता गर्ने निकायको सिफारिसमा नगर कार्यपालिकाको कार्यालयले देहाय बमोजिमको जरिवाना गर्नेछ ।

(क) लघु उद्यमको हकमा प्रत्येक ६ महिनाको लागि दुई हजार रूपैयाँ,

(ख) घरेलु तथा साना उद्योगको हकमा प्रत्येक ६ महिनाको लागि दस हजार रूपैया ।

(४) कुनै उद्योगले दफा ११ बमाजिम तोकिएका विवरण तोकिएको अवधिभित्र उपलब्ध नगराएमा उद्योग दर्ता गर्ने निकायले त्यस्ता उद्योगलाई देहाय बमोजिमको जरिवाना गर्न सक्नेछ :

(क) लघु उद्यमलाई एक हजार रूपैयाँ,

(ख) घरेलु तथा साना उद्योगलाई पाँच हजार रूपैयाँ ।

(५) कुनै उद्योगले दफा १२ बमोजिम स्वीकृति नलिई उद्योगको स्थानान्तरण गरेमा वा दफा १३ बमोजिम स्वीकृति नलिई पूँजी वृद्धि, क्षमता वृद्धि, उद्देश्य थप वा परिवर्तन गरेमा उद्योग दर्ता गर्ने निकायको सिफारिसमा नगर कार्यपालिकाको कार्यालयले देहायको कुनै जरिवाना गर्न सक्नेछ :

(क) लघु उद्यमको हकमा पाँच हजार रूपैयाँ,

(ख) घरेलु तथा साना उद्योगको हकमा कसुरको मात्रा अनुसार पच्चीस हजारदेखि पचास हजार रूपैयासम्म ।

(६) कुनै उद्योगले दफा ४१ विपरीत हुने गरी कुनै कार्य गरेमा उद्योग दर्ता गर्ने निकायको सिफारिसमा नगर कार्यपालिकाको कार्यालयले त्यस्ता उद्योगलाई उपलब्ध गराएका प्रोत्साहन, छुट, सुविधा वा सहुलियत जुनसुकै बखत रोक्का गर्न, त्यस्ता प्रोत्साहन, छुट, सुविधा वा सहुलियत बराबरको रकम असुल गर्न वा सो बराबरको रकम जरिवाना गर्न सक्नेछ ।

(७) कुनै उद्योगले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीबमोजिम पालना गर्नुपर्ने शर्त वा उद्योग दर्ता गर्ने निकायको सिफारिसमा नगर कार्यपालिकाले समय समयमा दिएको निर्देशन पालना नगरेमा त्यस्ता उद्योगलाई उद्योग दर्ता गर्ने निकायले देहाय बमोजिमको जरिवाना गर्न सक्नेछ :

(क) लघु उद्यमको हकमा पाँच हजार रूपैयाँसम्म,

(ख) घरेलु तथा साना उद्योगका हकमा पचास हजारदेखि एक लाख पचास हजार रूपैयाँसम्म ।

(८) यस दफामा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गर्ने उद्योगलाइ उद्योग दर्ता गर्ने अधिकारीको सिफारिसमा समितिले देहाय बमोजिम जरिवाना गर्न सक्नेछ :

(क) लघु उद्यम भए पन्ध्र हजार रूपैयाँसम्म,

(ख) घरेलु तथा साना उद्योग भए पन्ध्र हजारदेखि तीस हजार रूपैयाँसम्म ।

**५२. <u>सरकारी बाँकी सरह असुल उपर गरिने</u> :** यस ऐनबमोजिम लागेको जरिवाना रकम प्रचलित कानुनबमोजिम सरकारी बाँकीसरह असुल उपर गरिनेछ ।

**५३. <u>सफाई पेश गर्ने मौका दिइने</u> :** यस परिच्छेद बमोजिम कुनै उद्योगलाई सजाय गर्दा सफाइ पेश गर्ने मनासिब माफिकको मौका दिनबाट बञ्चित गरिनेछैन ।

**५४. <u>पुनरावेदन सम्बन्धी व्यवस्था</u> :** यस परिच्छेद बमोजिम भएको सजायको आदेश उपर चित्त नबुझेमा सजायको जानकारी पाएका मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सकिनेछ ।

## परिच्छेद - १०
## विविध

**५५. स्थानीय व्यावसाय मञ्च गठन गर्न सकिने :**

(१) नगरपालिकाभित्र स्थापना भएका उद्यम, व्यवसायको प्रभावकारी सञ्चालन, प्रवर्द्धन, समन्वय तथा सहजीकरण सम्बन्धमा सार्वजनिक र निजी क्षेत्रबीच नियमित संवाद एवं सहकार्य गर्न तथा उद्योग व्यवसाय सञ्चालन तथा प्रवर्द्धनमा आइपर्ने बाधा, अवरोध तथा समस्यालाई पहिचान गरी समाधानका लागि आवश्यक सुझाव तथा सिफारिस गर्ने उद्देश्यले स्थानीय व्यवसाय मञ्च गठन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम गठन गरिने स्थानीय व्यवसाय मञ्चमा स्थानीय तथा निजी क्षेत्रको समेत प्रतिनिधित्व हुनेछ । मञ्चले सार्वजनिक एवं निजी क्षेत्रबीच नियमित, परिणाममुखी र पारदर्शी संवादका लागि संस्थागत स्वरुप दिनेछ ।

(३) स्थानीय व्यवसाय मञ्चको गठन, संस्थागत संरचना, काम, कर्तव्य र अधिकारका सम्बन्धमा छुट्टै कार्यविधि तर्जुमा गरी लागू गर्न सकिनेछ ।

**५६. पुरस्कृत गर्न सक्ने :**

(१) यस ऐन बमोजिम दर्ता भएका लघु उद्यम, घरेलु उद्योग र साना उद्योगहरूमध्येबाट ती उद्योगहरूले उत्पादन गरेको वस्तु वा सेवाको परिमाण, गुणस्तर, उद्योगले सिर्जना गरेको रोजगारी, स्थानीय सरकारलाई बुझाएका कर, उद्योगमा प्रयोग हुने स्थानीय कच्चापदार्थ, आदि समेतको आधारमा कार्यालयले प्रत्येक वर्ष उत्कृष्ट उद्योगलाई पुरस्कृत गर्न सक्नेछ ।

(२) कार्यालयले पुरस्कृत गर्ने सम्बन्धमा छनोटका आधार र प्रक्रिया तथा पुरस्कारको स्वरुप आदि सम्बन्धमा छुट्टै मापदण्ड तयार गरी कार्यान्वयन गर्न सक्नेछ ।

**५७. औद्योगिक जनशक्तिः**

(१) उद्योगले आंफूलाई आवश्यक पर्ने जनशक्ति नेपाली नागरिकबाट पूर्ति गर्नुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष सीप र दक्षता भएको जनशक्ति नेपाली नागरिकबाट उपलब्ध हुन नसकेको अवस्थामा श्रमसम्बन्धी संघीय कानुनबमोजिम विदेशी नागरिक नियुक्त गर्न सकिनेछ

(३) उपदफा (२) को प्रयोजनको लागि उद्योग दर्ता गर्ने निकायले सिफारिस गर्दा त्यस्ता उद्योगले माग गरे बमोजिमको सीप वा दक्षता भएको जनशक्ति नेपाली नागरिकबाट पूर्ति गर्ने प्रयास गरेमा, त्यस्ता सीप वा

दक्षता भएका जनशक्ति उद्योगलाई आवश्यक भएमा र त्यस्ता जनशक्ति नेपालमा उपलब्ध हुन नसकको यकिन गरी संघीय कानुन बमोजिमका निकायमा श्रम स्वीकृतिको लागि सिफारिस गर्नु पर्नेछ

(४) उपदफा (२) बमोजिम नियुक्त गरिएका विदेशी नागरिक विशिष्ट प्रकारका प्राविधिक भई त्यस्ता जनशक्ति नेपालभित्र उपलब्ध हुन नसक्ने भएमा उपदफा (३) बमोजिम स्वीकृति लिई त्यस्ता जनशक्तिलाइ थप दुई बर्षसम्मको लागि पुनः नियुक्त गर्न सकिनेछ।

(५) उपदफा (२) बमोजिम कुनै उद्योगमा विदेशी नागरिक नियुक्त भएमा निजले प्राप्त गरेको पारिश्रमिकको सत्तरी प्रतिशत रकम परिवर्त्य विदेशी मुद्रामा नेपालबाहिर लैजान पाउनेछ।

(६) उद्योगमा कार्यरत श्रमिकले उद्योगको सञ्चालन तथा त्यसको उत्पादनमा बाधा अवरोध पुग्ने गरी कुनै प्रकारको गतिविधि गर्न पाउने छैन । उद्योगमा कार्यरत श्रमिकले आफ्ना मागहरु प्रचलित श्रम कानूनले निर्धारण गरेको प्रक्रिया पूरा गरी शान्तिपूर्ण ढंगले व्यवस्थापन समक्ष राखी आपसी समझदारीमा समाधान गर्नु पर्नेछ।

(७) उद्योगमा काम गर्ने श्रमिक र उद्योगबीच उत्पन्न व्यक्तिगत वा सामूहिक विवादको समाधान श्रम सम्बन्धी प्रचलित कानून बमोजिम गरिनेछ।

(८) श्रमिकको कारणबाट उद्योग सञ्चालन तथा त्यसको उत्पादनमा बाधा वा अवरोध पुग्ने गरी कुनै प्रकारको गतिविधि भई उद्योग बन्द भएमा त्यसरी उद्योग बन्द गर्ने वा काम नगर्ने श्रमिक तथा कर्मचारीलाई त्यसरी काम नगरेका अवधिभरको पारिश्रमिक उपलब्ध गराउन सम्बन्धित उद्योग वा प्रतिष्ठान बाध्य हुने छैन।

**५८. <u>करार गरी उत्पादन गर्न सक्ने :</u>**

(१) यस ऐनबमोजिम दर्ता भई सञ्चालनमा रहेका कुनै उद्योगले त्यस्ता उद्योगको उत्पादनको मुख्य उत्पादनबाहेक आफ्नो उत्पादनको कुनै भाग वा उद्योगलाई आवश्यक पर्ने सहायक वस्तु वा सेवा अन्य उद्योगसँग करार वा उप-करार गरी उत्पादन गर्नसक्नेछ।

(२) कुनै निर्यातमुलक उद्योगको लागि तोकिए बमोजिमको मापदण्ड पूरा गरी उपदफा (१) बमोजिम करार (कन्ट्रयाक्ट) वा उपकरार (सव-कन्ट्रयाक्ट) का आधारमा मिश्रित परिमाणमा वस्तु वा सेवाको उत्पादन गरिदिएमा त्यस्ता उद्योगलाई पनि तोकिए बमोजिमको प्रोत्साहन, छुट, सुविधा र सहुलियत उपलब्ध गराउन सकिनेछ।

(३) करार (कन्ट्रयाक्ट) वा उपकारार (सवकन्ट्रयाक्ट) गरी उत्पादन गर्न सकिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**५९. दोहोरो सुविधा प्रदान गर्न नहुने :**

(१) यस ऐन वा प्रचलित कानुनबमोजिम कुनै उद्योगलाई सेवा सुविधा वा सहुलियत प्रदान गर्दा दोहोरो नपर्ने गरी प्रदान गर्नुपर्नेछ ।

(२) नगर कार्यपालिकाले यस ऐनबमोजिम कुनै उद्योगलाई प्रदान गरेको सेवा सुविधा वा सहुलियतको जानकारी प्रदेशको सम्बन्धित मन्त्रालय वा निकायलाई दिनुपर्नेछ ।

**६०. औद्योगिक ग्राम, औद्योगिक क्लस्टरसम्बन्धी व्यवस्था :**

(१) नगर कार्यपालिकाले आफ्ना क्षेत्रभित्रको कुनै भाग वा स्थानमा औद्योगिक विकासका लागि पर्याप्त सम्भावना र अवसर उपलब्ध रहेको पाएमा त्यस्ता भाग वा स्थानलाई औद्योगिक ग्राम वा औद्योगिक क्लष्टरको रूपमा विकास गर्ने प्रक्रिया अगाडि बढाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रक्रिया अगाडि बढाउन औद्योगिक व्यवसायसम्बन्धी प्रचलित संघीय कानुन तोकिएको मापदण्ड पूरा गरी औद्योगिक ग्राम वा औद्योगिक क्लस्टर घोषणा गर्ने सिफारिससहित प्रदेश सरकारका सम्बन्धित मन्त्रालयमा पठाउनुपर्नेछ ।

(३) औद्योगिक ग्राम वा आद्योगिक क्लष्टर घोषणासम्बन्धी प्रक्रिया र विधि औद्योगिक व्यवसायसम्बन्धी प्रचलित संघीय कानुनबमोजिम हुनेछ ।

(४) नगर कार्यपालिकाले औद्योगिक व्यवसायसम्बन्धी प्रचलित संघीय कानुनबमोजिम घोषणा भएको औद्योगिक ग्राम वा औद्योगिक क्लष्टरको स्थापना, विकास, सञ्चालन तथा व्यवस्थापनसम्बन्धी कार्यविधि स्वीकृत गरी लागू गर्न सक्नेछ ।

**६१. श्रोत केन्द्रको रुपमा सेवा लिन सकिने :** कार्यालयले उद्योग प्रशासन सम्वन्धी कार्य तथा उद्यमशीलता विकास र शिप विकासका लागि प्रदेश सरकार मातहतमा रहेको उद्योग प्रशासन, उद्यमशीलता र शिप विकास सम्वन्धी कार्य गर्ने निकायलाई श्रोत केन्द्रको रुपमा आवश्यकता अनुसार सेवा लिन सक्नेछ ।

**६२. विद्युतीय माध्यमको प्रयोग गर्न सकिने :** यस ऐनबमोजिम कार्यालयले गर्ने उद्योग प्रशासनसम्बन्धी काम कारवाही विद्युतीय कारोबारसम्बन्धी प्रचलित कानुनबमोजिम विद्युतीय माध्यमबाट सम्पादन गर्ने गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

**६३. बिमा गराउनुपर्ने :** यस ऐनबमोजिम स्थापना हुने घरेलु तथा साना उद्योगले आफ्नो उद्योग तथा उत्पादनको बिमा गराउनु पर्नेछ । तर यस ऐनबमोजिम स्थापना भएका र हुने लघु उद्यमले बिमा गर्न अनिवार्य नभए तापनि आफ्नो व्यवसायको जोखिम कम गर्ने उद्देश्यले बिमा गर्न सक्नेछन ।

६४. **अधिकारनामा दिन सकिने** :

(१) यस ऐनबमोजिम कुनै उद्योगमा स्वामित्व भएको व्यक्तिले आफूले गर्नुपर्ने केही वा सबै काम गर्नको निमित्त कुनै व्यक्तिलाई अधिकारनामा दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका अधिकारनामाको प्रतिलिपि नोटरी पब्लिकबाट प्रमाणित गराई कार्यालयमा पेश गर्नुपर्नेछ, तर नोटरी पब्लिक नभएको अवस्थामा प्रतिलिपिसहित सक्कल पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम सक्कल पेश गरेको अवस्थामा कार्यालयले सक्कलको आधारमा प्रतिलपि प्रमाणित गरी सक्कल सम्बन्धित व्यक्तिलाई फिर्ता दिनुपर्नेछ ।

६५. **अधिकार प्रत्यायोजन** :

(१) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमावलीबमोजिम नगर कार्यपालिकालाई प्राप्त अधिकारमध्ये कुनै वा सबै अधिकार आवश्यकता अनुसार औद्योगिक ग्राम व्यवस्थापन कार्यालय वा नगरपालिकाको अन्य कार्यालयलाई प्रत्यायोजन गर्न सकिनेछ ।

(२) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमावलीबमोजिम सम्बन्धित निकायलाई प्राप्त अधिकारमध्ये सबै वा कुनै अधिकार आवश्यकता अनुसार नगरपालिकाको कुनै अधिकृत कर्मचारीलाइ प्रत्यायोजन गर्न सकिनेछ ।

६६. **अनुसूचीमा हेरफेर, थपघट वा परिमार्जन :** सभाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यकता अनुसार हेरफेर,थपघट वा परिमार्जन गर्न सक्नेछ ।

६७. **यसै ऐन बमोजिम हुने :** यस ऐनमा लेखिएका कुरा यस ऐन बमोजिम र अन्यमा प्रचलित कानुनबमोजिम हुनेछ ।

६८. **नियम बनाउन सक्ने अधिकार :** यस ऐनलाई कार्यान्वयन गर्न नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

६९. **निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्ने :**
नगर कार्यपालिकाले यस ऐन वा यस ऐनअन्तर्गत बनेको नियमावलीको अधीनमा रही उद्योग प्रशासनसम्बन्धी काम कारवाही सरल र सहज बनाउन आवश्यकताअनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लाग गर्न सक्नेछ ।

७०. **खारेज हुने :** यस ऐनमा उल्लिखित कुनै व्यवस्था प्रचलित संघीय वा प्रदेश कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

७१. **बचाउ :** यो ऐन प्रारम्भ हुनु अघि औद्योगिक व्यवसायसम्बन्धी प्रचलित कानुन बमोजिम नगर कार्यपालिकाको क्षेत्राधिकार भित्र भए गरेका सम्पूर्ण काम कारवाहीहरु यस ऐन बमोजिम भए गरेको मानिनेछ ।

**अनुसूची-१**
**(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)**
**साना उद्योग दर्ताका लागि दिने निवेदनको ढाँचा**

टिकट

श्री ..................... कार्यालय,
तिलोत्तमा नगरपालिका
रुपन्देही ।

महोदय,
५ नं. प्रदेश रूपन्देही जिल्ला तिलोत्तमा नगरपालिका ...... वडा नं. मा ...................... उद्देश्य रहेको ...................................... नामको उद्योग स्थापना गर्ने चाहना भएको हुंदा देहाय बमोजिमको विवरण र कागजातसहित उद्योग दर्ताको लागि निवेदन गरेको छु/गरेका छौं । निवेदनमा उल्लेख भएको व्यहोरा साँचो छ । झुट्टा ठहरेमा कानुन बमोजिम सहुला बुझाउँला ।
निवेदकको पूरा नाम, थर :
निवेदकको हस्ताक्षर :
नागरिकता प्रमाणपत्र नम्बर : ............... जारी मिति : ............... जिल्ला : ..................
निवेदकका ठेगाना :
प्रदेश : ..................., जिल्ला : ......................, गाउँपालिका/नगरपालिका : ............ वडा नं. ..........,
टोल/मार्ग : ........................ घर नम्बर : ...........................
सम्पर्क फोन नम्बर : .....................
फ्याक्स नम्बर : ..................... इमेल : ..................................

**संलग्न कागजातहरू :**
१. अनुसूची-२ बमोजिमको परियोजना प्रस्ताव,
२. नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
३. प्रबन्धपत्र, नियमावली र कम्पनी दर्ता प्रमाणपत्रका प्रतिलिपि (कम्पनीका हकमा मात्र),
४. साझेदारी कबुलियतनामा (साझेदारी फर्म भएमा),
५. अन्य निकायको सहमति आवश्यक पर्नेमा सहमति पत्र (जस्तै पर्यटन, स्वास्थ्य, ओषधि, सञ्चार, वन, श्रम आदिसँग सम्बन्धित उद्योग भएमा),
६. सँधियारको मुचुल्का सहितको सम्बन्धित वडा कार्यालयको सिफारिस,
७. उद्योग रहने स्थानको नक्साङ्कनसहितको विवरण,
८. निवेदन दिन प्रतिनिधि नियुक्त गरेको भए अख्तियारीपत्र,
९. हालसालै खिचेको पासपोर्ट साइजको ३ प्रति फोटो,
१०. अन्य कागजात ।

## अनुसूची-२
**(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)**
**परियोजना विवरण**

**१. उद्योगको नाम : ..........................................................................**

२. उद्योग रहने स्थल : ................... प्रदेश, ......................... जिल्ला, ............. नगरपालिका/गाउँपालिका, वडा नं. .......................

३. पत्राचारका ठेगाना र फोन नं. : ....................................................
सम्पर्क व्यक्तिको नाम : ..............................................................

४. औद्योगिक ग्रामको नाम (औद्योगिक ग्राममा स्थापना हुने उद्योगको लागि) :
.........................................................................................

५. उद्योगको स्तर : साना

६. उद्योगको कानुनी रूप : निजी फर्म साझेदारी फर्म प्रा.लि. कम्पनी
पब्लिक लिमिटिड कम्पनी

७. उद्योगको वर्ग : ऊर्जामूलक उद्योग उत्पादनमूलक उद्योग
कृषि तथा वन पैदावारमा आधारित उद्योग खजिन उद्योग
निर्माण उद्योग सेवामूलक उद्योग पर्यटन उद्योग
सूचना तथा सञ्चार प्रविधिमा आधारित उद्योग

८. (क) उद्योग सञ्चालन हुने दिन प्रति वर्ष : .......... सिफ्ट : ......
(ख) उत्पादन हुने वस्तु वा सेवाको विवरण :

| सि.नं. | वस्तु वा सेवाको विवरण | वार्षिक क्षमता | एकाइ | बिक्री मूल्य दर (रु.) | कुल बिक्री मूल्य (रु.) |
|---|---|---|---|---|---|
| | | | | | |

**९. परियोजना लागत तथा लगानीको स्रोत :**

| | लगानी (रु.) | लगानीको स्रोत | |
|---|---|---|---|
| | | स्वलगानी (रु.) | ऋण लगानी (रु.) |
| स्थिर पूँजी | | | |
| चालु पूँजी | | | |
| कुल पूँजी | | | |

**१०. स्थिर पूँजी विवरण :**

| सि.नं. | विवरण | रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १. | जग्गा (क्षेत्रफल ............ ) | | |
| २. | भवन (क्षेत्रफल ............ ) | | |
| ३. | मेसिनरी उपकरण | | |
| ४. | फर्निचर फिक्स्चर, अफिस उपकरण | | |
| ५. | सवारी साधन | | |
| ६. | पूर्वसञ्चालन खर्च | | |
| ७. | अन्य | | |
| | कुल स्थिर पूँजी | | |

**११. चालु पूँजीको विवरण :**

| सि.नं. | विवरण | रकम (रु.) |
|---|---|---|
| १. | कच्चापदार्थ (.................. महिना/दिनका लागि) | |
| २. | अर्धतयारी वस्तु | |
| ३. | उधारो (...................... महिना/दिनका लागि) | |
| ४. | अन्य | |
| | कुल | |

**१२. मेसिनको विवरण :**

| सि.नं. | नाम | आवश्यक संख्या | मूल्य (रु.) |
|---|---|---|---|
| | | | |

**नोट : आवश्यक भएमा मेसिनको प्रयोजन र औचित्यबारे पुस्ट्याई पेश गर्नुपर्नेछ।**

**१३. उद्योगले प्रयोग गर्ने आवश्यक कच्चापदार्थको विवरण :**

| सि.नं. | कच्चापदार्थ, सहायक कच्चापदार्थ, प्याकिङ सामग्रीको नाम | एकाइ | दर | वार्षिक आवश्यक परिमाण | कुल रकम |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

**१४. उद्योगलाई आवश्यक पर्ने विदेशी मुद्रा :**

कच्चापदार्थको वार्षिक परिमाणको लागि : ...................................

मेसिनका लागि : ...........................

अन्य : ...........................

जम्मा : ..........................

**१५. जनशक्ति विवरण :**

| विवरण | स्वदेशी | विदेशी | कुल संख्या |
|---|---|---|---|
| कर्मचारी (प्रशासनिक) | | | |
| कर्मचारी (प्राविधिक) | | | |
| कामदार उच्च दक्ष | | | |
| दक्ष | | | |
| अर्धदक्ष | | | |
| अदक्ष | | | |
| जम्मा | | | |

**१६. उद्योगमा प्रयोग हुने इन्धन तथा पानी :**

| किसिम | वार्षिक परिमाण/क्षमता | एकाइ | स्रोत |
|---|---|---|---|
| विद्युत शक्ति | | के.भि.ए. | |
| डिजेल | | कि.लि. | |
| LDO, फर्नेश आयल | | कि.लि. | |
| कोइला | | मे.टन | |
| धानको भुस | | मे.टन | |
| पानी | | लि. | |
| अन्य | | | |

**१७. उद्योग सञ्चालनबाट प्रभावित हुन सक्ने वातावरणीय पक्षहरू :**

| वातावरणीय अवयवहरू | दुरी/विवरण | प्रतिकूल असर | | प्रतिकूल असर न्यूनीकरणका उपायहरू |
|---|---|---|---|---|
| | | हुने | नहुने | |
| जलस्रोत | | | | |
| कृषिजन्य भूमि | | | | |
| वन स्रोत | | | | |
| मानव वस्ती | | | | |
| विद्यालय | | | | |
| अस्पताल वा स्वास्थ्य केन्द्र | | | | |
| धार्मिक/सांस्कृतिक सम्पदा | | | | |
| अन्य (उल्लेख गर्ने) | | | | |

**१८. मुख्य लगानीकर्ताको विवरण :**

| | १ | २ | ३ | ४ |
|---|---|---|---|---|
| लगानीकर्ताको नाम | | | | |
| बाबुको नाम | | | | |
| बाजेको नाम | | | | |
| नागरिकता/राहदानी | | | | |
| पत्राचारका ठेगाना | | | | |
| फोन नं. | | | | |
| इमेल | | | | |
| लगानीको प्रतिशत | | | | |
| हस्ताक्षर | | | | |

**नोट :**

१. लगानीकर्ता कम्पनी भएमा सो कम्पनीको दर्ता प्रमाणपत्र, प्रबन्धपत्र, नियमावली र कम्पनीको मुख्य कार्यालय रहेको पूरा ठेगानासमेत खुलाउनुपर्नेछ ।

२. वातावरण संरक्षण संम्वन्धी संघीय कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने भएमा सोसम्बन्धी प्रक्रिया पूरा गर्नुपर्नेछ ।

३. विवरण फाराम पूर्ण रूपमा भरिएको हुनुपर्नेछ ।

४. माथिका विभिन्न महलमा विवरण भर्ने ठाउँ पर्याप्त नभएमा छुट्टै भरी पेश गर्न सकिनेछ ।

५. व्यावसायिक उत्पादन वा कारोबार सुरु भएको मितिले तीन महिनाभित्र पुनः यो फाराम भरी विवरण अद्यावधिक गर्नुपर्नेछ ।

**अनुसूची-३**
**(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)**
**लघु उद्यम तथा घरेलु उद्योग दर्ताको लागि निवेदन**

टिकट

मिति ........................

**श्री ...................... कार्यालय,**
**तिलोत्तमा नगरपालिका**
**रुपन्देही ।**

महोदय,

मैले/हामीले देहायबमाजिमको लघु उद्यम/घरेलु उद्योग दर्ता गर्न चाहेकोले लघु उद्यम/घरेलु उद्योग स्थापना गरी सञ्चालनमा ल्याएको हुनाले देहायबमोजिमका विवरण र कागजातसहित उद्योग दर्ताको लागि यो निवेदन पेश गरेको छु/गरेका छौं ।

१. उद्योगको नाम :

२. उद्योग रहने स्थल : ................ प्रदेश, ................ जिल्ला, .................. नगरपालिका/गाउँपालिका वडा नं ............

३. पत्राचार गर्ने ठेगाना :
सम्पर्क फोन नं. : .......................... फ्याक्स न. : ..........................
मोबाइल नं. : .......... इमेल : ...........

४. उद्यमीको नाम : ...............................
एक जनाभन्दा बढी उद्यमी भए :
मुख्य उद्यमी : ...................... लगानीको हिस्सा .................... प्रतिशत
अन्य उद्यमी : ...................... लगानीको हिस्सा .................. प्रतिशत

५. उद्योगको कानुनी रूप : निजी फर्म साझेदारी फर्म प्रा.लि. कम्पनी

६. उद्योगको वर्ग : ऊर्जामूलक उद्योग उत्पादनमूलक उद्योग
कृषि तथा वन पैदावारमा आधारित उद्योग खनिज उद्योग
निर्माण उद्योग सेवामूलक उद्योग पर्यटन उद्योग
सूचना तथा सञ्चार प्रविधिमा आधारित उद्योग

७. उत्पादन हुने वस्तु/सेवा :

८. वार्षिक उत्पादन क्षमता :

९. अनुमानित लगानी : (क) स्थिर पूँजी (रु.) : (ख) चालु पूँजी (रु.) :

१०. उद्योग सञ्चालन हुने दिन (प्रति वर्ष) : सिफ्ट :

११. उद्योग सञ्चालनको लागि आवश्यक पर्ने विद्युत शक्तिको जडित क्षमता :

निवेदकको :
हस्ताक्षर :
नाम, थर :
ठेगाना :
फोन नं. :
मोबाइल नं. :
फ्याक्स न. :
इमेल :

**संलग्न कागजात :**

१. अनुसूची-२ बमोजिमको परियोजना प्रस्ताव (पाना ....)
२. प्रबन्धपत्र, नियमावली र कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि (कम्पनीको हकमा मात्र),
३. साझेदारी कबुलियतनामा (साझेदारी फर्म भए),
४. अन्य निकायको सहमति (जस्तै पर्यटन, स्वास्थ्य, औषधि, सञ्चार, वन, श्रम आदिसँगसम्बन्धित उद्योग भएमा),
५. वडा कार्यालयको सिफारिस,
६. भवन वा जग्गा बहालमा लिएर उद्योग दर्ता गर्ने भए भवन वा जग्गा बहाल सम्झौताका प्रतिलिपी,
७. हालसालै खिचेको पासपोर्ट साइजको ३ प्रति फोटो,
८. अन्य कागजात ।

**नोट :**

एक जनाभन्दा बढी निवेदक भए अन्य निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र निजहरूले उद्योग दर्ताको लागि निवेदकलाई दिएको अख्तियारीसमेत संलग्न गर्नु पर्नेछ ।

**अनुसूची- ४**

**(दफा ६ को उपदफा (१) तथा दफा ११ को उपदफा (१) सँग सम्बन्धित)**

**उद्योग दर्ता र नविकरण शुल्क उद्योग दर्ता र नविकरण शुल्क तोकिए बमोजिम हुनेछ ।**

**अनुसूची- ५**
**(दफा ६ को उपदफा (३) सँग सम्बन्धित)**
**नगर कार्यपालिकाको कार्यालय**
**तिलोत्तमा, रुपन्देही**
**उद्योग दर्ता प्रमाणपत्र**

| सञ्चालकको फोटो |
|---|

उद्योग दर्ता नं. :
मिति :

उद्योग व्यवसाय ऐन, २०७७ को दफा ६ बमोजिम निम्न अनुसारका विवरण भएको उद्योग दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ।

१. उद्योग सञ्चालकको नाम :
२. उद्योगको नाम :
३. उद्योगको ठेगाना :
४. उद्योगको उद्देश्य :
५. उद्योगको कुल पूँजी : रु.
  (क) स्थिर पूँजी रु.
  (ख) चालु पूँजी रु.
६. उद्योगको वर्ग : लघु उद्यम/घरेलु उद्योग/साना उद्योग
७. उद्योग सञ्चालन हुने सिफ्ट संख्या :
८. आवश्यक विद्युत शक्ति :
९. उद्योग सञ्चालन दिन (प्रति वर्ष) :
१०. उद्योगले उत्पादन गर्ने वस्तु वा सेवाको प्रकार :
११. आवश्यक पर्ने जनशक्ति :
१२. उद्योग सञ्चालन, व्यावसायिक उत्पादन वा कारोबार सुरु गर्न पर्ने अवधि :
**१३. उत्पादन क्षमता :**
**१४. अन्य :**

.................................
**(प्रमाणित गर्ने अधिकृत)**

**नोट : उद्योगले पालना गर्नुपर्ने शर्तहरू यस प्रमाणपत्रको पछाडि उल्लेख गरिएको छ।**

**उद्योगको पूँजी वृद्धि/क्षमता वृद्धि/नामसारी लगायतका अन्य निर्णयहरु**

| सि.नं. | निर्णयको व्यहोरा | प्रमाणित गर्नेको दस्तखत र मिति | कार्यालयको छाप |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**शर्तहरु :**

**प्रचलित कानुनमा तोकिएका अतिरिक्त उद्योगले देहायबमोजिमका शर्तहरू पालना गर्नुपर्नेछ :**

१. उद्योगलाइ आवश्यक पर्ने जनशक्ति नेपाली नागरिकबाट पूर्ति गर्नुपर्नेछ। विदेशी जनशक्ति आवश्यक पर्ने भएमा संघीय श्रमसम्बन्धी कानुनको अधीनमा रही विदेशी जनशक्ति राख्न सकिनेछ।

२. उद्योगमा विदेशी पूँजी लगानी, प्रविधि उपयोग गर्नु परेमा औद्योगिक व्यवसाय सम्बन्धी संघीय कानुनका अधीनमा रही सम्बन्धित निकायको पूर्वस्वीकृति लिनुपर्नेछ।

३. उद्योगको पुनरुत्थान, आधुनिकीकरण वा विस्तार गर्दा कार्यालयको स्वीकृति लिनुपर्नेछ।

४. उद्योग चालु भएपछि कार्यालयमा वार्षिक प्रतिवेदन, कार्य प्रगति र उत्पादन विवरणसम्बन्धी मासिक/चौमासिक प्रतिवेदन अनिवार्य रूपमा पेश गर्नुपर्नेछ। मौसमी (सिजनल) वा अन्य कारणले बन्द रहेको भए कारण खुलाई सूचना गर्नुपर्नेछ।

५. वातावरण सम्बन्धमा कार्यालयबाट दिइने निर्देशन तथा शर्तहरू पालना गर्नुपर्नेछ। उद्योगबाट निस्कने फोहोरलाई उचित व्यवस्थापन गर्नुपर्नेछ।

६. प्रदूषण नियन्त्रण सम्बन्धमा प्रदेश मन्त्रालयले तथा अन्य सम्बन्धित निकायले तोकेका शर्तहरू र कार्यविधि अनिवार्य रूपमा पालना गर्नुपर्नेछ।

७. यस उद्योगको नाम पहिले दर्ता भएका कम्पनीको नाम, कसैको व्यापारिक नाम वा ट्रेडमार्कसँग मिलेमा नाम संशोधन गर्नुपर्नेछ। यस उद्योगबाट उत्पादन वा प्रदान गर्ने वस्तु वा सेवामा ट्रेडमार्क प्रयोग गर्ने भएमा प्रचलित औद्योगिक सम्पत्तिसम्बन्धी कानुनबमोजिम दर्ता गराएर मात्र प्रयोग गर्नुपर्नेछ।

८. उद्योगमा कार्यरत कर्मचारी वा श्रमिकलाई पारिश्रमिक दिँदा अनिवार्य रूपमा बैङ्क खातामार्फत भुक्तानी दिनुपर्नेछ।

९. औद्योगिक प्रतिष्ठानको कार्यस्थलमा हुने लैङ्गिक हिंसाबिरुद्धको आचारसंहिता पालना गर्नुपर्नेछ।

१०. उद्योग वरिपरिका बासिन्दालाई हानिनोक्सानी नपर्ने गरी उद्योग सञ्चालन गर्नुपर्नेछ।

## अनुसूची-६
## (दफा १० को उपदफा (२) सँग सम्बन्धित)
## उद्योग सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नुपर्ने अवधि

(क) कृषि तथा वन पैदावारमा आधारित उद्योग

| | | | |
|---|---|---|---|
| १. | फलफूल खेती वा फलफूल प्रशोधन | तीन वर्ष | |
